# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वर्तमान २१ औं शताब्दीको विश्वमा रहेका सम्पूर्ण मानिसहरूले जीविकोपार्जनको लागि विभिन्न क्रियाकलापहरू गर्दै आइरहेका छन् । जसको लागि निश्चित स्रोत र साधनको आवश्यकता पर्दछ । उक्त स्रोत र साधनको परिपूर्ति कुनैपनि पेशा वा रोजगारको आवश्यकता पर्दछ । सो आवश्यकता परिपूर्ति गर्नको निम्ति मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्को ठाउँमा जाने गर्दछन् । यस्तै गरी कोही उच्च शिक्षा हासिल गर्नको लागि त कोही भौतिक सुख सुविधा प्राप्तिको लागि भने कोही बेरोजगारीको कारण रोजगारीको अवसर प्राप्त गर्नको लागि एक स्थानबाट अर्को स्थानमा जाने गर्दछन् । नेपाल एक विकासोन्मुख राष्ट्र भएकाले वर्षेनी हजारौंको संख्यामा विदेशिने गर्दछन् ।

वैदेशिक रोजगारले विश्वव्यापी रूपमा नै आर्थिक कुरालाई केन्द्रित गरेको छ । यसले देश विकास गर्न र गरिबी न्यूनिकरणमा टेवा पुऱ्याएको पाइन्छ । नेपालबाट पनि थुप्रै मानिसहरू रोजगारीको लागि विश्वका विभिन्न देशहरूमा जाने क्रम बढीरहेको छ । नेपाली विदेशिनुको विविध कारणहरू मध्ये देशभित्र उद्योगधन्दा, कलकारखाना कम हुनु, रोजगारीको अवसर प्राप्त गर्न नसक्नु, सरकारले स्वदेशमा रोजगारी उपलब्ध गराउनुको सट्टा विदेशमा काम गर्न जानको लाीग सुविधा र छुट प्रदान गर्नु, जमिन खण्डिकरण भई पहाडी र हिमाली भागमा तराईको तुलनामा खेती कम हुनु र पारिवारिक जिविकोपार्जनमा कठिनाई र देशको राजनैतिक कारणले समाजमा बस्न नसक्ने जस्ता विविध अवस्थाको सिर्जना हुँदा ती समस्याहरू समाधानको गर्नको लागि विदेश जाने गर्दछन् ।

वैदेशिक रोजगारले विश्वव्यापी रूपमा नै आर्थिक कुरालाई केन्द्रित गरेको छ । विकासमा अघि बढ्न र गरिबी निवारणमा टेवा पुऱ्याउन वैदेशिक रोजगारको आन्तरिक बसाईसराईको तुलनामा बढी सघाउन सफल भएको छ ।

इभ्रेटल (१९६६) का अनुसार बसाईसराई व्यक्तिगत कारण र विविध अप्ठ्याराहरू समाधान गर्नको लागि जन्मस्थान छाडेर गन्तव्यस्थानतिर जाने प्रक्रिया हो । यसबाट प्रष्ट हुन्छ कि वैदेशिक बसाईसराईबाट घरपरिवारको आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि केही हदसम्म सघाउ पुऱ्याएको छ । वैदेशिक बसाईसराईबाट बेरोजगार भएर रहेका परिवारका सदस्यहरूमा जीविकोपार्जनका लागि सघाउ पुऱ्याएको छ । विदेशमा केही कुरा सिकी केही हदसम्म त्यसको प्रयोग गराएर केही कार्य गर्नमा पनि प्रोत्साहन दिएको छ । जसले घरपरिवारको आर्थिक स्थिति मजबूद बनाउनमा र दैनिक आवश्यकता परिपूर्ति गर्नमा सजिलो भएको छ ।

टोडारो (१९६९) का अनुसार बसाईसराईको उत्पत्ति बेरोजगारको सन्दर्भमा भएको हो । उनकाअनुसार बसाईसराई विशेष गरेर आर्थिक व्यवस्थापनको रूपमा आधारित रहेर गरिएको हुन्छ । विवेकी रूपमा भन्नुपर्दा विविध आशाभन्दा स्थायी रूपमा आर्थिक संकलन र जीविकोपार्जन बसाईसराईको मुख्य कारण हो । यसबाट के स्पष्ट हुन्छ भने बसाईसराई आन्तरिक र बाह्य, स्थायी र अस्थायी जे भएपनि विशेष गरेर आर्थिक पक्षलाई केन्द्रित गरेर गरिएको हुन्छ । विभिन्न कारण देखाएपनि बसाईसराईले निचोडमा आर्थिक पक्षलाई नै प्रभाव पारेको हुन्छ । बसाईसराई आर्थिक स्थिति उकास्नको लागि र रोजगारी प्राप्ति गर्नको लागि हुने गर्दछ । जसले समाजमा केही हदसम्म सकारात्मक परिवर्तन ल्याउँछ भने कहिलेकाही नकारात्मक परिवर्तन पनि हुनसक्छ ।

वैदेशिक रोजगार विशेष गरेर पारिवारिक आयस्रोत बढाउने एक माध्यम हो । यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आर्थिक क्षेत्रमा प्रभाव पारेको हुन्छ । समाजमा गरिबी हटाउनमा र विकास प्रक्रियामा अघि बढाउन पनि सम्बन्धित भएर अघि बढेको हुन्छ ।

नेपालमा विदेशबाट थुप्रै मानिसहरू आइ बसोबास गरिरहेका छन्, त्यस्तै गरेर ठूलो संख्यामा नेपालीहरू पनि भारत लगायत विभिन्न देशमा गएका छन् । नेपालीहरू बाहिर जानुका निश्चित कारणहरू छन् जसअन्तर्गत आर्थिक संकलन प्रमुख कारण अन्तर्गत पर्दछ भने अन्य कारणबाट कमै विदेशिएका हुन्छन् । देशभित्र उद्योगधन्दा, कलकारखाना कम हुनु र रोजगारीको अवसर प्राप्त गर्न नसक्नु, सरकारले स्वदेशमा रोजगारी उपलब्ध गराउनुको सट्टा विदेशमा काम गर्न जानको लागि सुविधा र छुट प्रदान गर्नु, जमिन खण्डिकरण भई पहाडी र हिमाली भागमा तराईको तुलनामा खेती कम हुनु र पारिवारिक जीविकोपार्जनमा

कठिनाई भएका कारण त्यस्तै गरेर सामाजिक, राजनैतिक कारणले समाजमा बस्न नसक्ने अवस्थाको सिर्जना हुँदा समस्याहरू समाधान गरी बस्नको लागि विभिन्न किसिमबाट बसाईसराई गर्ने गर्दछन् । बसाईसराई विभिन्न किसिमको सुख सुविधा त्यस्तै गरेर शैक्षिक गुणस्तरको अभाव भएका ठाउँबाट बजारतिर हुने गर्दछ । त्यस्तै गरी व्यापार व्यवसायको विकासको लागि पनि बसाईसराई गर्ने गरेको पाइन्छ ।

समष्टीमा बसाईसराई सर्ने प्रक्रिया हो । यसले मानविय जिवनमा सकारात्मक र नकारात्मक असर पारेको हुन्छ । सामाजिक र आर्थिक क्षेत्रमा बसाईसराईको प्रभाव विशेष रहेको हुन्छ भने जनसंख्या परिवर्तनको तेस्रो तत्व बसाईसराई हो । बसाईसराई जन्म, मृत्यु जस्तो जैविक प्रक्रिया नभई व्यक्तिको इच्छा वा चाहनामा भरपर्ने तत्व हो । बसाईसराईलाई प्रभाव पार्ने तत्वहरूमध्ये महत्वपूर्ण तत्व आर्थिक तत्व हो । बसाईसराईले मानिसलाई विविध संस्कृति सिकाउनमा र नयाँ विषयमा जिज्ञासु हुनको लागि पनि उत्प्रेरित गराउँछ । त्यसैले समाजमा परिवर्तन ल्याउने विविध तत्व मध्ये बसाईसराई पनि एक महत्वपूर्ण तत्व हो । यसले व्यक्तिको जिवनस्तरमा धेरै किसिमको परिवर्तन र सुधार ल्याउनमा ठूलो सहयोग गरेको हुन्छ ।

## १.२ समस्याको कथन

नेपाल कृषिमा आधारित राष्ट्र, खेतीयोग्य भूमि सिमित ठाउँमा मात्र रहेको र दैनिक जीविकोपार्जनको लागि कठिनाई भएका कारण र कलकारखाना एवम् उद्योगधन्दा पर्याप्त मात्रामा उपलब्ध नहुँदा बेरोजगारी रहनुपर्ने भएका कारण जिविकोपार्जन गर्नको लागि र पारिवारिक समस्या र आवश्यकता परिपूर्ति गर्नको लागि मानिसहरू वैदेशिक रोजगारमा संलग्न रहेको पाइन्छ ।

रोजगारी आजको आधारभूत आवश्यकता रहेको र कुनै किसिमको कार्य विना जीविकोपार्जनको लागि समस्या भएको हुँदा एक ठाउँबाट अर्को ठाउँमा बसाईसराई गर्ने प्रवृत्ति बढीरहेको छ । समाजमा परिवर्तन र विकास गर्नको लागि र परिवारमा गरिबी न्यूनिकरणको लागि वैदेशिक रोजगारले ठूलो भूमिका खेलेको छ । पोखरा उपमहानगरपालिका हेमजामा पनि वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढ्दो छ । अन्य क्षेत्रको तुलनामा खेतीयोग्य भूमि हुँदाहुँदै पनि रोजगारको लागि विदेशिएको अवस्था छ ।

त्यसैले वैदेशिक रोजगार सम्बन्धित अध्ययन अनुसन्धान समसामयिक देखिन्छ । जसले वैदेशिक श्रमको लागि विदेशमा पनि घरपरिवारको जीवनयापनरमा पारेको प्रभावको बारेमा खोज गरिनु नितान्त आवश्यकता भएकोले यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

- वैदेशिक रोजगारले घरपरिवारको जिवनस्तरमा कस्तो प्रभाव पारेको छ ?
- वैदेशिक रोजगारले गरिबी न्यूनिकरणमामा सहयोग गरेको छ कि छैन ?
- वैदेशिक रोजगारप्रति घरपरिवारका सदस्यहरूको धारणा कस्तो रहेको छ ?
- वैदेशिक रोजगारमा जानुपर्ने कारण र समस्याहरू के-के छन् ?

## १.३ अध्ययनको उद्देश्य

**सामान्य उद्देश्य**

- वैदेशिक रोजगारले घरपरिवारको जीवनयापनमा पारेको प्रभावबारे विश्लेषण गर्ने ।

**विशिष्ट उद्देश्य**

- वैदेशिक रोजगारप्रति घरपरिवारका सदस्यहरूको धारणाबारे अध्ययन गर्ने ।
- वैदेशिक रोजगारले गरिबी न्यूनिकरणमा पारेको प्रभावबारे विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

देशमा बढ्दो गरिबी बेरोजगारीको कारण कार्यक्षमता भएका युवाहरू आफ्नो देश छोड्न बाध्य भएका छन् । यस क्षेत्र कृषियोग्य भूमि हुँदाहुँदै पनि जमिनको खण्डीकरण र आधुनिक प्रविधिको उपयोग नगरेको कारणले कृषिले मात्र आवश्यक जीवनयापन गर्न समस्या ल्याएको छ जसको परिणाम स्वरूप, गैह्रकृषिबाट जीविका चलाउनु पर्दछ । कृषि क्षेत्रले धान्न नसक्ने जनशक्ति अन्य क्षेत्रको रोजगारीमा लाग्नु सान्दर्भिक देखिन्छ । स्वदेशको रोजगारको तुलनामा वैदेशिक रोजगारले आर्थिक स्थिति मजबुत बनाउन सहयोग पुगेको देखिएको छ । स्वदेशमा रोजगारीको अवसर नपाएका व्यक्तिहरूले विकल्पको रुपमा वैदेशिक रोजगारको बाटो अँगालेका छन् । वैदेशिक रोजगार अंग्रेजी अक्षर ३ डी (Danger, Dirty, Difficult) बाट बढी प्रभावित भएको छ । यस अध्ययनले वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरू तथा उनीहरूको घरपरिवारको वास्तविक अवस्थाबारे जानकारी गराउँन मद्दत पुऱ्याउँछ ।

त्यसको साथै यस अध्ययनले उक्त क्षेत्रको सामाजिक, आर्थिक प्रभावको चिरफार गर्न सहयोग पुऱ्याउने छ । वैदेशिक रोजगारको विषयमा लुकेर रहेको कुरा बाहिर ल्याउन र त्यस ठाउँमा वैदेशिक रोजगारले पारेको प्रभाव बारेमा जानकारी लिन पनि सहयोग पुऱ्याउने छ । वैदेशिक रोजगारको प्रभाव र उपयोगीताको बारेमा पनि जानकारी लिन सजिलो हुनेछ । यस अध्ययनमा वैदेशिक रोजगार सम्बन्धी अध्ययन गरिने हुँदा घरपरिवारका विभिन्न धारणाहरूको बारेमा पनि जानकारी लिन सजिलो हुनेछ । यस अध्ययनले वैदेशिक रोजगारको प्रभाव तथा उपयोगीताको बारेमा जानकारी दिन सहयोग पुऱ्याउँदछ । यस अध्ययनले अन्य अनुसन्धानकर्तालाई यस विषयमा थप अध्ययन गर्न चाहेमा उनीहरूको लागि विशेष महत्व हुन सक्दछ ।

## १.५ अध्ययनको सिमा

सामाजिक घटनाका अध्ययनहरू निश्चित सामाजिक अवस्था वा परिवेशभित्र मात्र लागु हुनसक्छ र सो भन्दा बाहिर त्यस अध्ययनको प्रभाव त्यतिकै मात्रामा नरहन सक्छ । यस अध्ययनले वैदेशिक रोजगार अन्तर्गत कास्की जिल्ला पोखरा २७, हेमजामा पारेको प्रभावबारे अध्ययन गरिएको छ । जसमा अध्ययनका सिमाहरू निम्न छन् :

- वैदेशिक रोजगारअन्तर्गत रहेर पोखरा २७, हेमजा भित्र मात्र अध्ययन गरिएको छ ।
- यस अध्ययनमा वैदेशिक रोजगारको लागि खाडी मुलुकमा मात्र गएका व्यक्तिहरूको घरपरिवारलाई समावेश गरिएको छ भने अन्य मुलुकमा वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको घरपरिवारलाई समावेश गरिएको छैन ।
- यस अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूसँग तथ्यांक संकलन नगरी उनीहरूको घरपरिवारसँग मात्र तथ्यांक संकलन गरिएको छ ।
- यो अध्ययनले सीमिति क्षेत्रको रूपमा पोखरा २७, हेमजालाई लिएको हुँदा अन्य क्षेत्रको प्रतिनिधित्व गर्न सक्दैन ।

## १.६ अध्ययनको सङ्गठन

वैदेशिक रोजगारले घरपरिवारको जीवनयापनमा पारेको प्रभावमा केन्द्रीत यो शोधलाई ७ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याका कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र सिमाहरू संलग्न गरिएको छ ।

दोस्रो अध्यायमा सैद्धान्तिक पुनरावलोकन, पूर्व अध्ययनको समिक्षा तथा अवधारणात्मक खाकालाई समावेश गरिएको छ ।

अध्याय तिनमा शोध अध्ययन कहाँ गर्ने, कसरी गर्ने, कुन अनुसन्धान पद्धति अपनाउने भन्ने जानकारी दिइएको छ । जस अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, समग्र र नमुना छनोट विधि, तथ्याङ्क संकलन विधि र तथ्यांक प्रस्तुतीकरण र विश्लेषणलाई समावेश गरिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचय अन्तर्गत अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको नक्सांकन र उत्तरदाताका सामाजिक र आर्थिक स्थितिलाई समावेश गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगारमा जानको कारण, लगानी, स्रोत र घरपरिवारका धारणा अन्तर्गत वैदेशिक रोजगार जानुको कारण, अवधि, वैदेशिक रोजगारको लागि प्रयोग गरेको निकाय आदि जस्ता धारणाको विश्लेषण गरिएको ।

अध्याय छैटौंमा घरपरिवारमा वैदेशिक रोजगारको प्रभाव सम्बन्धी अध्ययन गरिएको छ जस अन्तर्गत वैदेशिक रोजगारबाट मासिक आम्दानी, पठाउने माध्यम, वैदेशिक रोजगारमा जानुअघि ऋणको स्थिति, वैदेशिक रोजगारपछिको ऋणको स्थिति र वैयक्तिक अध्ययन जस्ता विश्लेषणलाई समावेश गरिएको छ । अध्याय सातमा सारांश, निष्कर्श, प्राप्ति र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# साहित्यिक समिक्षा

## २.१ सैद्धान्तिक पुनरावलोकन

कंशकार (१९८२) का अनुसार, नेपाल र भारतको सन्दर्भमा बसाईसराई सम्बन्धी ऐतिहासिक कारणहरू छन् । सुगौली सन्धी १९१६ पछि नेपालको पहाडी क्षेत्रका मानिसहरूलाई ब्रिटिश भारतीय सरकारले आर्मी, पुलिसको लागि लैजान थाले र अन्य कार्यको लागि पनि नेपालीहरू भारततिर जान थाले । त्यस समयबाट देश भित्र र देशबाहिर वैदेशिक रोजगारको रूपमा बसाईसराई हुन थाल्यो ।

अधिकारी (२०६१) का अनुसार, विशेष गरेर नेपाल एकिकरण पश्चात युद्धहरूको बोझले गरिबी बढेको, जमिनमा शक्तिशाली/धनाढ्य वर्गको स्वामित्व, अधिया तथा ठेक्का प्रथामा मोहीको शोषण, ज्याला विहिन रूपमा राज्य र शक्तिशाली वर्गको काम गर्नुपर्ने बाध्यता आदि कारणले नेपालीहरू रोजगार र सुरक्षाको लागि भारतका विभिन्न भू-भागमा गएर बसेका थिए । त्यस्तै शक्तिशाली वर्ग नेपालको देशविस्तार गर्ने योजना सिद्धिएपछि राजपरिवार र राणा शासकहरूको विलासी जीवन धान्न राज्यले धेरै कर लगाएको थियो । यस्तो करको मारमा परेर नेपालीहरू वैदेशिक रोजगारप्रति जाने प्रचलन बढेको थियो ।

ऐजवा (२००२) का अनुसार, वैदेशिक रोजगारमा संलग्न भएर विदेशबाट स्वेदशमा आउने कामदारहरूले आफ्नो राष्ट्रमा पनि राम्रो प्रभाव पारेको देखिन्छ । उनीहरूको लगानीको श्रम उत्पादनमा सुधार हुन जान्छ तर सिपको फरकपनका कारण श्रमिकहरूको कार्यमा वर्गीकरण भई तलबमा फरकपनका कारण वैमनश्यता आउन सक्छ यो नकारात्मक प्रभावअन्तर्गत पर्दछ ।

स्टार्क ओ फेलर (१९८९) ले गरेको मेक्सीको र संयुक्त राज्य अमेरिकामा अन्तर्राष्ट्रिय बसाइसराईको अध्ययनबाट के पुष्टी हुन्छ भने बसाईसराई गराउनको लागि आफन्तको परिवारले नै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बसाईसराईबाट आशा गरिए अनुसारको

आम्दानी आफ्नो नियन्त्रणमा ल्याउन सकिने र जसले आम्दानीमा र जीवनयापनमा सजिलो हुने हुँदा रोजगारी र आम्दानीको शिलाशिलामा बसाईसराईको शुभारम्भ भएको पाइन्छ ।

बोग्यु (१९५९) का अनुसार, समाजमा परिवर्तनको तत्वले प्राकृतिक स्रोत साधनको अभाव, व्यवहारमा विभेद र समुदायबाट अलग गरिएकालाई रोजगारी प्राप्तिको लागि एक ठाउँबाट अर्को ठाउँमा जाने र ठाउँ सुहाउँदो वातावरण उपलब्ध हुने हुँदा एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्ने गर्दछन् ।

सेडा (१९७७) का अनुसार, नेपालबाट वैदेशिक रोजगारको लागि बसाईसराई विशेष गरेर जनसङ्ख्याको चाप, खानामा अभाव, बाढीप्रकोपको कारण, प्राकृतिक स्रोत साधनको उपयोग गर्न नसक्नु मुख्य कारणहरू हुन् । यिनीहरूको अभावमा रोजगारी, अववसर उपलब्ध हुन नसकेर दैनिक आवश्यकता परिपूर्ति गर्नको लागि र आम्दानी वृद्धि गर्नको लागि वैदेशिक रोजगारमा आकर्षित भएको देखिन्छ ।

### २.१.१ आर्थिक सिद्धान्त

ह्यारिस एण्ड टोडारो, (१९७०) का अनुसार, ग्रामीण क्षेत्रका मानिसहरू शहरी क्षेत्रमा व्यापार व्यवसाय गर्न सक्ने स्थिति नभएको र ग्रामीण क्षेत्रमा जीविकोपार्जनको लागि समस्या हुँदा वैदेशिक रोजगारमा जाने चलन बढेको पाइन्छ । जसअन्तर्गत अदक्ष श्रम, कम उत्पादन र आम्दानी त्यस्तै गरेर कार्य सुरक्षाको लागि श्रमको लागि बजारतिर विशेष गरेर विकासोन्मुख राष्ट्रबाट विकसित राष्ट्रमा वैदेशिक रोजगारको लागि जाने गर्दछन् ।

सजास्टड्, (१९६२) का अनुसार, वैदेशिक रोजगार अथवा श्रमको लागि विदेशिनु विशेष गरेर आर्थिक विषयसँग सम्बन्धित रहेको हुन्छ । जसले विदेश जाने र आउने दुवै राष्ट्रमा अनुशासनको साहित्य प्रस्फुटन जस्तै गरेर आर्थिक क्षेत्रमा केन्द्रित गर्दछ । रोजगारको मानवीय पूँजी वृद्धि एवम् दैनिक आवश्यकता पूरा गर्ने कार्यमा जोड दिएको हुन्छ । यसले आर्थिक क्षेत्र अन्तर्गत रहेर समयको सदुपयोग गरी उपयोगी सिप सिकाउने कार्य गर्दछ ।

टोडारो, (१९६९) का अनुसार, बसाईसराईको उत्पत्ति बेरोजगारको सन्दर्भमा भएको हो । बसाईसराई विशेष गरेर आर्थिक व्यवस्थापनको रूपमा आधारित रहेर गरिएको हुन्छ । विवेकी रूपमा भन्नुपर्दा विविध आशाभन्दा स्थायी रूपमा आर्थिक संकलन र जीविकोपार्जन वैदेशिक रोजगारको मुख्य कारण हो ।

### २.१.१.१ आर्थिक आत्मनिर्भरता सम्बन्धी अवधारणा

गौतम, (२०६१) का अनुसार, वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरू जीविकोपार्जन समस्या समाधान गर्ने मात्र नभएर बचत गर्न र त्यो रकम उद्योग धन्दा तथा अन्य लगानी गर्ने उद्देश्यले वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ । यसमा विशेष गरेर पहुँच पुगेका व्यक्तिहरू जापान, अमेरिका, बेलायत, यूरोप जस्ता देशमा पेशाको लागि जाने गरेको र त्यसको मुख्य उद्देश्य पैसा बचत गरी, लगानी गरी घर जग्गा व्यापारमा संलग्न श्रमिकको आम्दानीको ठूलो भूमिका खेलेको देखिन्छ ।

कार्ल र वार्लीले (१९७०) का अनुसार, अफ्रिकामा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा स्थानान्तरणको प्रक्रियाबारे वैज्ञानिक ढंगबाट अध्ययन गरेका छन् । ग्रामीण क्षेत्रको परम्परागत कम उत्पादकत्व अर्थतन्त्रबाट शहरी क्षेत्रमा आधुनिक औद्योगिक र सुविधाजनक तवरबाट आफ्नो लगानी गर्न गर्न र कार्य गर्नको लागि रोजगारी प्राप्तीको लागि बसाई सर्ने गरेको पाइएको छ ।

सेगल (१९९३) का अनुसार, सिमान्तकृत र ग्रामीण क्षेत्रको देशबाट विशेष गरेर वैदेशिक रोजगारमा आकर्षित भएको पाइन्छ । त्यस्तै गरेर व्यापार व्यवसाय र घरेलु उद्योगमा लगानी कम भई बेरोजगार एवम् कृषि पेशामा ह्रासका कारण रोजगारीको लागि र घरपरिवारको जीविकोपार्जनमा सहयोग पुऱ्याउनको लागि वैदेशिक रोजगारमा तिव्र वृद्धि भइरहेको छ ।

काफ्ले (२०६०) का अनुसार, मुलुकको बेरोजगारीको समस्या समाधान गर्न र विदेशी मुद्रा आर्जन गरी अर्थतन्त्रलाई तहसनहस हुनबाट बचाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको वैदेशिक रोजगारीमा महिला कामदारलाई भने उचित रूपमा समेटिएको छैन । नेपालमा प्रचलित कानुनले महिला पुरुष कामदारलाई फरक दृष्टिकोणबाट हेर्न नपाउने व्यवस्था गरे पनि वैदेशिक रोजगारीमा भने त्यो व्यवस्था लागू हुन सकेको छैन । घरायसी कामका लागि खाडी राष्ट्रमा गएका केही महिला कामदार माथि अप्रिय घटना घटेपछि त्यस्ता राष्ट्रमा महिला कामदार नै पठाउन छाडिएको छ । ३ जेठ २०५४ मा मन्त्री परिषद्को निर्णयले खाडी राष्ट्रहरूमा असंगठित क्षेत्रमा महिला कामदार र अन्य राष्ट्रमा संगठित क्षेत्रमा सुविधा, तलब र कामको प्रकृति हेरेर मात्र पठाउने निर्णय मन्त्रीपरिषदले गरेको छ ।

### २.१.१.२ गरिबी न्यूनिकरण सम्बन्धी अवधारणा

स्पाइज (१९८४) का अनुसार, सन् १९७४ पछि वैदेशिक रोजगारप्रति परिवारमा बढी विदेशतिर जाने रुचि जाग्यो । यसले घरपरिवारका सदस्यहरूको निर्णय क्षमतामा राम्रो प्रभाव पार्‍यो । त्यस्तै गरेर आयआर्जन वृद्धि गराउन लगायत विभिन्न क्षेत्रमा फाइदाहरू पुर्‍यायो र युवापुस्ताहरू यसतर्फ बढी आकर्षित भएको पाइयो । वेरोजगारीको समस्या हल गर्ने र रोजगारीको अवसर प्राप्तिको लागि वैदेशिक रोजगार लोकप्रिय बन्न थाल्यो । जसले मानविय पूँजीमा वृद्धि ल्याई उपयोगी बनेको छ ।

केभिकडेस, (२००५) का अनुसार वर्तमान सन्दर्भमा आर्थिक अवस्था मजवूद बनाउनको लागि अथवा गरिबी निवारण गरी जिवनस्तरमा सूधार ल्याउनको लागि वैदेशिक श्रम बसाईसराईको आवश्यकता र यसमा बढी मात्रामा केन्द्रित भई अघि बढेको पाइन्छ । बाह्य बसाईसराई रोजगार प्राप्तिको लागि एउटा सजिलो माध्यम बनेको छ । मानिसहरूलाई वैदेशिक रोजगारमा जानको लागि सिप र श्रमको बारेमा महत्व दिर्य लचकता अपनाउँदै आएको छ । बसाईसराईको नीतिले सरकारलाई श्रम बजार नीतिको ढाँचा सामाजिक रूपमा रहेर बनाउन र मानिसहरूलाई यसमा सक्रिय बनाएर प्रभावित तुल्याएको छ । जसले गर्दा मानिसहरू वैदेशिक रोजगारमा अघि बढीरहेको अवस्था छ ।
सुवेदी (१९९७) का अनुसार, बसाईसराई केही कम सदस्यहरूको लागि गन्तव्य स्थलको विलासी आकर्षण हो । उनका अनुसार बसाइसराई र पेशा एक अर्कासँग सम्बन्धित छन् । उनको अध्ययनमा समस्या निर्मुल गर्न र पेशाको लागि वैकल्पिक बाटो तय गर्न बसाईसराई र पेशा सम्बन्धित रहेका छन् । बसाइसराईले बेरोजगारी एवम् समस्या निर्मूल पारेर पेशा अवलम्बन गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । नेपालको परिप्रेक्ष्यमा वैदेशिक रोजगारको मुख्य कारण गरिबी, स्वदेशमा रोजगारीको अवसरको अभाव हो । त्यस्तै गरेर कम पढेलेखेका र सिप प्राप्ति नगरेका बेरोजगार मानिसहरू विशेष गरेर वैदेशिक रोजगारको लागि जाने गरेको कुरा खुलाइएको छ ।

विरकास एण्ड सिनकेयर (१९९४) का अनुसार अन्तर्राष्ट्रिय श्रम बसाईसराईको कारण आफ्नो देशमा रोजगारीको अवसर प्राप्त गर्न नसक्नु, राजनैतिक प्रभाव, राष्ट्रमा त्यस्तै गरेर घरपरिवारमा आर्थिक अवस्था कमजोर रहनु वैदेशिक श्रम बसाईसराईको कारण हो । यी

विभिन्न कारणहरूले अन्य समस्याको समाधान गर्नको लागि मानिसहरू वैदेशिक रोजगारतर्फ आकर्षित भएको पाइन्छ ।

### २.१.१.३ आधारभूत आवश्यकता सम्बन्धी अवधारणा

कास्टलेस (२००६) का अनुसार वैदेशिक रोजगारको लागि गरिने बसाइसराई समाजमा परिवर्तन ल्याउने एक किसिमको उपयुक्त माध्यम हो । जसको सुदपयोगबाट नयाँ आधुनिक प्रविधिको प्रयोग गर्नमा र सजिलोसँग कार्य गर्नमा उत्प्रेरित गर्दछ । वैदेशिक रोजगारको प्रभावले नयाँ किसिमको प्रविधि प्रयोग गर्दा सिप सिक्न पाइने हुँदा र अशिक्षित भए पनि रोजगारीको अवसर हुने हुँदा र अशिक्षित भए पनि रोजगारीको अवसर हुने हुँदा जीविकोपार्जन गर्नको लागि सजिलो बनाएको छ । वैदेशिक रोजगारलॆ समाजमा सामाजिक, आर्थिक वृद्धि गरी जीवनयापनमा सहयोग पुऱ्याएको छ ।

सुवेदी (२००३) उनका अनुसार, नेपालको जनसंख्या वृद्धि भइरहेको र उपयुक्त किसिमको वातावरण नहुँदा विशेष गरेर ग्रामीण क्षेत्रमा गरिबी निवारण र रोजगारी प्राप्तिको लागि वैदेशिक रोजगारमा जान बाध्य हुन्छन् । पछिल्लो समयमा नेपाल सरकारले वैदेशिक रोजगारबाट नागरिक र राज्य दुवैलाई फाइदा हुने एक साधनको रूपमा लिएको छ । वैदेशिक रोजगार कम्पनीहरू मार्फत नेपाली कामदारलाई विदेशमा पठाउँदा कामदारहरू वहुसंख्यक भारत र दक्षिणपूर्व मध्यपूर्वका देशहरू मुख्य गन्तव्य स्थल हुन् । यसमा उनले नेपालको वर्तमान राजनैतिक अवस्थाले पनि युवाहरूलाई समुन्द्र पारको मुलुकमा वैदेशिक रोजगारको लागि जान बाध्य पारेको छ भनेर वर्तमान सन्दर्भलाई पनि जोड दिएका छन् ।

पेरि, (१९९७) का अनुसार ब्रिटिस भारतिय सेनामा भर्ती बाहेक भारतिय ब्रिटिस सरकारले नयाँ कृषि कार्यक्रम विभिन्न प्रान्तहरू जस्तै आसाम, दार्जलिङ्ग, वर्मा आदिमा ल्याएको थियो । जसले गर्दा नेपालका हिमाली र पहाडी क्षेत्रका किसानहरू आकर्षित भएका थिए । पछि धेरै नेपालीहरू होटल र चौकीदार काम गर्न गएका थिए, जुन हालसम्म निरन्तर चलिरहेको छ । त्यतिबेला नेपालको कृषि भूमिलाई रैकर, जागिर र विर्तामा परिणत गरिएको थियो । यस्तो किसिमको जग्गा व्यवस्थामा केवल ब्राह्मण क्षेत्रीको मात्र एकाधिकार कायम रहेको थियो । यस्तो अप्ठ्यारो परिस्थितिले गर्दा नेपाली समाज सामु थुप्रै चुनौतीको सृजना भई नेपाली किसानहरूको नयाँ आर्थिक खाडल बन्न पुगेको थियो । यस्तो परिस्थितिको

सृजना भइरहेको अवस्थामा भारतका मुख्य ठूला शहरहरूमा भने कामदारहरूलाई रोजगारीको अवसरहरू खुलेका थिए । जसले गर्दा वैदेशिक रोजगारप्रति नेपाली कामदारहरूलाई आकर्षण गरेको थियो ।

देशमा बढ्दो वेरोजगारी समस्यालाई समाधान गर्ने सबैभन्दा भरपर्दो उपायको रूपमा सरकार स्वयमले वैदेशिक रोजगारलाई मानेको छ । त्यसैले अहिले नेपालमा बेरोजगार समस्याको समाधानको विकल्पको रूपमा वैदेशिक रोजगार देखिएको छ । तर सरकारले यसलाई व्यवस्थित गर्न नसकेको कारण ठग र लुटेराहरूको बोलवाला बढिरहेको छ र वैदेशिक रोजगारमा जाने मानिस र घरपरिवारप्रति विचल्ली बढीरहेको छ ।

काफ्ले (२०६०) का अनुसार राष्ट्रमा बढ्दो असुरक्षा र रोजगारीको अवसर कम हुँदै गएपछि विगत केही समयदेखि वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्दो छ । आन्तरिक औद्योगिक क्षेत्र तहसनहस भई पर्यटन व्यवसाय ठप्प भएको हालको अवस्थामा वैदेशिक रोजगारले अर्थतन्त्रलाई टिकाईराख्न ठूलो सहयोग पुऱ्याएको छ ।

गोल्डर र स्ट्रभार (२००२) का अनुसार, मानविय दैनिक आवश्यकता पूरा गर्न विभिन्न मागहरू आवश्यक पर्दै जान्छन् । माग पूरा गर्नको लागि सिप र अवसरको आवशयकता पर्दछ । सिप भएमा माग र माग आवश्यकता परिपूर्तिको लागि सचेत रहन सकिन्छ । वैदेशिक श्रम बजारका कारण स्थानिय स्तरमा पनि नयाँ किसिमको सिप एवम् प्रविधिको सृजना भई नयाँ र सजिलो तरिकाले कार्य गर्ने बानीको विकास भएको छ । यसले गतिशिलता पाउँदै जाँदा सामाजिक, आर्थिक रूपमा पनि केही परिवर्तन आउन सकेको छ । शुरुवातमा बसाईसराई सम्बन्धी कुनै पनि किसिमको नीति नहुँदा यो ज्यादै कठिनको विषय थियो भने अहिले सरकारले पनि बसाईसराई सम्बन्धी नीतिहरू ल्याएको र केही छुट् एवम् सुविधा प्रदान गरेको हुँदा बसराई सराईमा सजिलो एवम् आर्थिक क्षेत्रमा सघाउ भएको छ । सरकारको बसाईसराई सम्बन्धी नीति एउटा उद्देश्य भएको छ भने वैदेशिक रोजगारले सामाजिक आर्थिक नीति एउटा उद्देश्य भएको छ भने वैदेशिक रोजगारले सामाजिक आर्थिक नीति प्रभावित भएको छ ।

दिक्षित (१९९७) का अनुसार, आर्थिक कारण र अनुउत्पादनशिल जमिनको कारण नेपालीहरू लामो समय अघि देखि वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । वैदेशिक रोजगारमा

संलग्न विशेष गरेर भारतमा आर्मी, पुलिस वा अन्य विविध कार्य गर्न र राणा शासनकालमा भएका विभिन्न गतिविधिका कारण र जथाभावी करका कारण वैदेशिक रोजगारमा सजिलोसँग समस्या समाधान गरी बस्नको लागि आकर्षित भएको पाइन्छ उनको बझाङ्गको अध्ययनमा सामाजिक सम्बन्धको निर्माण र विस्तार गर्न, अन्यायको विरुद्ध र सामाजिक, आर्थिक माग वा आवश्यकता अन्त्य गर्नको लागि वैदेशिक रोजगारमा आकर्षित भएको कुरा खुलाइएको छ ।

पिटर स्टाकर (१९९७) का अनुसार आफ्नो देशमा गरिब आर्थिक अवस्था, जनसंख्याको चाप, रोजगारीको अभाव, राजनैतिक अवस्थामा समस्या, वैदेशिक रोजगारमा आकर्षित हुनाका कारणहरू हुन् । यी विभिन्न समस्या समाधान गर्नको लागि वैदेशिक रोजगारमा जाने गर्दछन् । विशेष गरेर गरिबी निर्मुल पार्नु र घरपरिवारका आवश्यकता परिपूर्ति गर्नु वैदेशिक श्रम बसाईसराईको मुख्य कार्य हो ।

पौडेल (२०१३) का अनुसार घरपरिवारको दैनिक आवश्यकता परिपूर्ति गर्नको लागि स्वेच्छिक कारणभन्दा पनि बाध्यात्मक अवस्थाले वैदेशिक रोजगारमा सरिक भएको पाइन्छ । यसको कारण राष्ट्रभित्र रोजगारी प्राप्त गर्न नसक्नु, कम ज्यालाका कारण घरपरिवारको जिवनयापनमा कठिनाई भएका कारण र केही बढी रकम प्राप्त गरी घरपरिवारको जीविकोपार्जनमा सहयोग पुऱ्याउनको लागि वैदेशिक रोजगारतिर बढी जोड दिएको पाइन्छ ।

### २.१.१.४ विश्वव्यापीकरण सिद्धान्त

केन (१९९५) का अनुसार, विश्वव्यापीकरणको अवधारणाले श्रमको लागि मानिसहरू सिमाना पार गरेर बाहिर गएका छन् । वैदेशिक रोजगारमा संलग्न भएर आर्थिक वृद्धि गरी घरपरिवारको जीवनयापनमा सहजता आएको छ । वैदेशिक रोजगार बेरोजगारीको लागि राहत, गरिबी निवारणमा सहयोग र विदेशी मुद्रा आर्जन गर्ने एक माध्यम बनेको छ । त्यस्तै गरेर विप्रेषणका कारण कमाएको पैसा घरपरिवारमा पठाउँदा बैकिङ्ग क्षेत्रमा रोजगारीको अवसर पनि प्राप्त भएको छ ।

गिडेन (१९९०) का अनुसार, खुल्ला बजार नीतिका कारण व्यापार व्यवसायमा विस्तार गर्नको लागि आर्थिक क्षेत्र मजवूद बनाउनको लागि विश्वव्यापीकरणको अवधारणा वा प्रक्रियाले सजिलो भएको छ । विश्वव्यापीकरण अवधारणा र प्रक्रियाले सामाजिक, आर्थिक

क्षेत्रमा सहयोग पुगेको हुँदा विभिन्न किसिमका सामाजिक प्रयासहरू विश्वव्यापीकरण अवधारणाको पछि परेका छन् । यसैको सहमतमा पूँजीवाद, अर्थतन्त्र, अन्तर्राष्ट्रिय श्रम विभाजनको राष्ट्रिय प्रणाली, विश्व सैनिक नियममा विस्तार भई विकास प्रक्रिया अघि बढेको छ ।

अर्नोल्ड (२००२) का अनुसार, विकसित देशहरूमा उपभोक्ताहरू श्रम बजारमा घर्षण वा संघर्ष बढी नै गरेका हुन्छन् तर त्यहाँबाट फाइदा हुन सक्दैन । जबकी विश्वव्यापीकरण धारणामा रोजगार र वृद्धिमा बढी फाइदा देखिन्छ । विश्वव्यापीकरण अवधारणामा कामदारको लागि राम्रो र वृद्धि भएको देखिन्छ भने लचकदार देखिदैनन् तर विकसित देशहरूमा उपभोक्ताहरू श्रम बजारमा धेरै लचकदार हुन्छन् ।

### २.१.१.५ वैदेशिक रोजगारले पारिवारिक अर्थतन्त्रमा पारेको प्रभाव

बाहिरबाट आएको आम्दानीको गाउँघरका घरधुरीहरूमा जीविकोपार्जन रणनीतिमा विविधता र जीविकोपार्जनमा सुधार देखा परेको धेरै प्रमाणहरू पाइन्छन् । श्रमिक स्थानान्तरण धन आर्जन गर्ने क्रियाकलाप पनि भएका छन् । श्रमिक स्थानान्तरणले घरधुरीको अर्थ व्यवस्थामा दिने योगदानलाई निम्न तरिकाले हेर्न सकिन्छ ।

**बाँच्ने रणनीतिका लागिः** श्रमिक स्थानान्तरण परिवारहरूमा जीविकोपार्जनको एक रणनीति भएको छ । या धेरै पहिलादेखिको कुरा हो र यसको असर घरधुरीको अर्थव्यवस्थामा बढेको र बाहिरी कमाइमा घरधुरीहरू क्रमश : भर पर्दै गएको देखिन्छ । कृषि उत्पादनका लागि आवश्यक पर्ने अवस्थाहरू उपलब्ध नभएपछि धेरै परिवारको आफ्नो उत्पादनबाट हुनसक्ने खाद्य सुरक्षा क्रमश : कम भएको छ । पहाडी र हिमाली क्षेत्रमा धेरै परिवारहरू अहिले ६-७ महिनाको लागि भन्दा धेरै खाद्यान्न उत्पादन गर्न सक्दैनन् । त्यसले गर्दा वैदेशिक रोजगारीको महत्व बढिरहेको छ । किनभने स्वदेशमै त्यस्तो रोजगारी प्राप्त गर्न सक्ने अवस्था पनि छैन । कास्की जिल्लामा भएको एउटा अध्ययनले गाउँको करिब आधार परिवारहरू वैदेशिक रोजगारीमा संलग्न देखाएको छ (अधिकारी र भोले १९९९) । कास्की जिल्ला नेपालको धनी र मानवीय विकास सूचक एकदमै राम्रो भएको जिल्ला मानिन्छ । मध्य र सुदूरपश्चिममा त वैदेशिक रोजगारीमा संलग्न हुने परिवार अन्य क्षेत्रको भन्दा धेरै छ । तर यहाँबाट मुख्यतः भारतमा काम गर्न जाने चलन व्यापक छ । अछाममा भएको एक

अध्ययनले करिब ७०% घरधुरी वैदेशिक रोजगारीमा संलग्न भएको देखिन्छ (एसएलपि, २०००) उनीहरूको त्यस रोजगारीमा जानुको मुख्य उद्देश्य खाद्य सुरक्षा पूरा गर्ने हो । अलि धनी र राम्रो गाउँमा पनि विदेशी रोजगारीमा खर्च गर्ने उद्देश्य मुख्यतः जीविकोपार्जनको सुरक्षा नै  देखिएको छ । विदेशबाट प्राप्त पैसा मुख्यतः खाना, लुगा, बिजुली, यातायात, श्रमिक ज्याला आदिमा लगाइन्छ । तर पहिला ऋण भएमा ऋण तिर्नमा त्यो पैसा खर्च हुन्छ । त्यसपछि त्यस्तो पैसा मध्यम वा दिर्घकालिन प्रयोगको लागि लगाइन्छ । जस्तै छोराछोरीको शिक्षा, स्वास्थ्य, घर जग्गा आदि ।

**बचत जम्मा गर्ने र लगानी गर्ने रणनीतिः** अहिले वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरू जीविकोपार्जन समस्या समाधान गर्ने मात्र नभएर बचत गर्न र त्यो रकम उद्योगधन्दा तथा अन्य कार्यमा लगानी गर्ने उद्देश्यले पनि बाहिर काम गर्न गएको देखिन्छ । यो श्रेणीमा मुख्यतः राम्रो आर्थिक हैसियत भएका व्यरुिक्तहरू पर्दछन् । जापान, उत्तरी अमेरिका, बेलायत, युरोप जस्ता देशमा काम गर्नुको मुख्य उद्देश्य पैसा बचत गरी लगानी गर्नु हो । अहिले पोखरा, काठमाडौँ तथा धरान जस्ता सहरमा भएका 'घर जग्गा' व्यापारमा धेरै पैसा बाहिरबाटै आएको छ । पोखरामा भएका होटल, बस, उद्योगहरूमा भएको लगानी मुख्यतः बाहिरबाट आएको पैसा नै हो । काठमाडौँमा 'घर जग्गा' को व्यापारमा वैदेशिक रोजगारमा संलग्न श्रमिकहरूको आम्दानीले ठूलो भूमिका खेलेको देखिन्छ (शाही र गौचन २००४) ।

**गरिबी घटाउन र जीवनस्तर उकास्न योगदानः** वैदेशिक रोजगारीले गरिबी घटाउन कस्तो योगदान पुऱ्याएको छ भन्नेबारे विवाद छ । वैदेशिक रोजगारीमा भएका समस्यालाई देखाएर यसबाट फाइदाभन्दा नोक्सान बढी छ भन्ने विचार एकतर्फ देखिन्छ । अर्कोतर्फ नेपालको अर्थतन्त्रलाई यस्तो प्रतिकुल अवस्थामा पनि धान्ने एकमात्र आधार वैदेशिक रोजगारीलाई मानिँदै आइएको छ । तैपनि विभिन्न अध्ययनले वैदेशिक रोजगारीमा गरीब परिवारको कुनै पहुँच छैन भन्ने देखाएको छ । यसकारण वैदेशिक रोजगारीले गरिबी निवारणमा सीधा असर नपारेको हुन सक्दछ । तर बाहिरबाट पठाएको पैसाले राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ । यसले गरिबी निवारणमा केही उल्लेखनीय भूमिका खेलेको देखिन्छ । नवौं योजना अवधिमा गरिबी ४२% बाट ३८% मा झरेको अनुमान गरिएको छ र यो हुनुमा मुख्यत : वैदेशिक रोजगारमा संलग्न श्रमिकले पठाएको पैसाको मुख्य भूमिका

मानिएको छ । सरकारले बनाएको गरिबी न्यूनिकरण रणनीति पत्रमा यो कुरा प्रष्ट रूपमा उल्लेख छ (एनपिसी, २००२) ।

**सामाजिक पूँजीको विकासः** वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी केटाकेटीको पढाइ र परिवारको स्वास्थ्यमा खर्च भइरहेको पनि देखिएको छ । वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको मुख्य उद्देश्य नै भएको एउटा अध्ययनले देखाएको छ । यस्तै प्रकारले बाहिरको वातावरण प्रभावले महिलामा र पुरुषमा समानताको भावना आएको, महिलाको सशक्तिकरणमा सकारात्मक प्रभाव भएको, नयाँ सीप र विचारले अहिलेको आर्थिक, सामाजिक स्तर बढाउन मद्दत पुगेको पनि देखिएको छ । तर यसको बाबजुद वैदेशिक रोजगारीले समाजमा भएको सामाजिक पूँजीलाई क्षीण बनाएको भन्ने आरोप पनि लगाइँदपै आएको छ । जस्तै पारिवारिक विखण्डन, केटाकेटी बिग्रने तथा एचआइभी/एड्सको प्रभाव बढ्ने जस्ता बेफाइदाहरू पनि बढ्दै गएका छन् । मध्य र सुदूरपश्चिममा वैदेशिक रोजगारलाई एचआइभी/एड्स बढाउने मुख्य कारक मानिएको छ । त्यहाँ भएको रुढिवादी, यो नयाँ रोगबारेको अनभिज्ञता र महिलामाथिको शोषण एवम् असाक्षरताको एचआइभी/एड्स फैलन निकै राम्रो वातावरण दिएको छ (एनआइडिएस, २००३) ।

आधुनिक, सहरीकरण तथा बाहिरी संस्कृतिको प्रभाव परेको समयमा पारिवारिक सम्बन्ध बिग्रनु, पारपाचुके हुनु, एचआइभी/एड्स बढ्नु तथा लागू पदार्थको दुर्व्यसनी बढ्नुमा वैदेशिक रोजगारीलाई पूर्ण कारकको रूपमा हेरिनु सायद अतिसयोक्ति नै होला तर यस सम्बन्धी कुनै वस्तुगत अध्ययन भने भएको छैन । वैदेशिक रोजगारीमा मानवअधिकार तथा श्रमिक अधिकारको हननः भएका घटना प्रशस्त रिपोर्टिङ भएका छन् तर यस सम्बन्धी पनि कुनै वस्तुगत अध्ययन भएको छैन ।

### २.१.१.६ विप्रेषण र यसको प्रभाव

कोलिन्सन, सारा (१९९४) का अनुसार, वैदेशिक रोजगारबाट आउने विप्रेषण आर्थिक रूपमा देखिने महत्वपूर्ण फाइदा हो तै पनि यसले अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पार्दछ । विप्रेषणले उपभोगको ढाँचालाई परिवर्तन गरी घरेलु कृषि उद्योगसँग सम्बन्धित मागलाई फराकिलो बनाउँदछ । श्रम बसाइसराईले आर्थिक विकास र न्यून पूँजी युक्त अर्थ व्यवस्थालाई श्रम आपूर्ति गर्ने र देशको आर्थिक वृद्धिलाई केन्द्रित गरेर अघि बढेको हुन्छ ।

गौडेल (२०६६) का अनुसार, वैदेशिक रोजगारको विप्रेषणले घरपरिवारको अर्थतन्त्र  र समग्र नेपालको अर्थतन्त्रलाई धेरै वर्षदेखि योगदान पुऱ्याउँदै आएको छ । नेपाल एउटा विकासोन्मुख देश भएकोले बेरोजगारी समस्या लामो समय देखि मुख्य समस्याको रूपमा रहँदै आएको छ । वैदेशिक रोजगारको विप्रेषणले नेपालको ग्रामीण र शहरी दुवै क्षेत्रका घर परिवारको आर्थिक अवस्थालाई सुधार गरेको छ । विप्रेषणले घर परिवारको लागि मात्र नभई विदेशी वस्तु आदानप्रदान गर्ने एक महत्वपूर्ण स्रोत भएको छ ।

### २.१.२ श्रम बजार सिद्धान्त

साकामोटो एण्ड चेन, (१९९१) का अनुसार श्रम बजार सिद्धान्तले श्रमलाई केन्द्रित गर्दछ । यसमा श्रम गर्ने कामदारलाई बढी केन्द्रित गरी उनीहरूको सुविधालाई ख्याल राखेर उचित किसिमको नीति नियममा राखिएको हुन्छ । श्रम बजार सिद्धान्तको कारण कामदारहरू विच एकता बढाउन जोड दिन्छ । कार्यमा सहकार्य र कामदारहरू विच पनि सहकार्य गर्नमा आन्तरिक श्रम बजार सिद्धान्तले जोड दिने हुँदा श्रम बजार सिद्धान्त बढी प्रभावकारी देखिन्छ ।

मस्सी, (२००५) का अनुसार, अन्तर्राष्ट्रिय श्रम बसाईसराई श्रम बजार सिद्धान्तसँग प्रभावित हुन्छ । अन्तर्राष्ट्रिय श्रम बसाईसराईको आफ्नै नीति नियम हुन्छ । यसलाई सरकारी पक्षले नियन्त्रणमा लिएर यस सम्बन्धी काम कारवाही अघि बढाइएको हुन्छ । यसमा वैदेशिक श्रम बसाईसराई निरन्तर रूपमा श्रम बजार अन्तर्गत पठाउने र प्राप्त गर्ने दुवै देशमा नियमबद्ध रूपमा रहेको हुन्छ । श्रमबजार सिद्धान्तका नियमअनुसार कामदार अघि बढेर कार्य गर्नुपर्ने नीति नियम रहन्छ

गोस (१९९८) का अनुसार गरिबी र बेरोजगारी राष्ट्रको मुख्य समस्या हो जसका लागि वैदेशिक रोजगार उपयुक्त र राम्रो अवसर प्राप्तिको रुपमा रहेको छ । अनियमित बसाईसराई विकासोन्मुख राष्ट्रहरूमा एउटा समस्याको रुपमा रहेको हुन्छ । यसलाई व्यवस्थित बनाउनको लागि वैद्य रुपमा रहेर प्रवेशाज्ञाको लागि राष्ट्रको स्वीकृतिमा श्रम माग गरेर उपयुक्त किसिमको सिप सिकी अघि बढ्नु वैद्य अवसर प्राप्त हो । यसले गरिबी न्यूनिकरण र बेरोजगारीको समस्या समाधानमा राम्रो भूमिका खेलेको हुन्छ ।

### २.१.३ सामाजिक सञ्जाल सिद्धान्त

बोयड (१९८९) का अनुसार वैदेशिक रोजगारमा वेरोजगारी भएर अवसर र रोजगारी प्राप्तिको लागि विदेश जाने  गर्दछन् । यसमा आफ्ना नातेदार, छरछिमेक र साथीहरूको सम्बन्धमा रहेर मानिसहरू वैदेशिक रोजगारमा आकर्षित भएको देखिन्छ

लेवेलेन (२००२) का अनुसार, सामाजिक सञ्जालको कारण वैदेशिक रोजगारमा निरन्तर योगदान दिएको छ । बसाइसराईले संस्कृतिमा पनि प्रभाव पार्दछ । आन्तरिक तथा बाह्य रूपमा बसाईसराई गर्ने परिवार वा समाजको संस्कृतिको प्रभाव गन्तव्य स्थान वा उद्गम स्थान दुवै ठाउँमा पर्दछ । बसाईसराईले व्यक्तिहरूमा परिपक्वता ल्याउने विश्वास पनि गरिएको छ । यसले संस्कृतिमा संस्था र कार्यकर्तामा पनि असल व्यवहारयुक्त बसाईसराई उद्योगको संगठन र विस्तार सृजना गर्दछ ।

मोहपाट्रा (२०११) का अनुसार आन्तरिक र बाह्य बसाईसराई विशेष गरेर विकासोन्मुख राष्ट्रहरूबाट रोजगारीको अवसर प्राप्तिको लागि विकसित वा बजारी क्षेत्रतिर हुने गर्दछ । यस्तो किसिमको बसाईसराई ग्रामीण क्षेत्रबाट शहरीक्षेत्रमा र कम विकसित राष्ट्रबाट बढी विकसित राष्ट्रतर्फ बढी मात्रामा हुने गर्दछ । यसमा रोजगारको लागि अथवा व्यापार व्यवसाय विस्तार गर्नको लागि र यातायात, शिक्षा, स्वास्थ्य, प्राप्तिको लागि पनि गरेको पाइन्छ ।

## २.२ पूर्वअध्ययनको समिक्षा

अधिकारी  (२००७) कास्कीको ढिकुरपोखरीमा गरेको एक अध्ययनअनुसार वैदेशिक रोजगार गरिबी र बेरोजगारीको वृद्धिको कारण भएको हो । घरपरिवारको आर्थिक स्थिति मजबुद बनाउनको लागि वैदेशिक रोजगारको योगदान महत्वपूर्ण देखिएको छ । यसले विभिन्न चुनौतीहरू पार गरेर अवसर प्राप्तिमा योगदान पुऱ्याएको छ भनि सकारात्मक विचारमा वैदेशिक रोजगारलाई विश्लेषण गरिएको छ ।

गौडेल (२०६६) ले पर्वतको देउपुरमा गरेको एक अध्ययन अनुसार वैदेशिक रोजगारमा अग्रसर हुनुको कारण कृषिमा ह्रास, खाद्यान्न र कपडाको आवश्यकता पूरा गर्न नसक्नु, आम्दानी घट्नु र खाद्य असुरक्षा प्रमुख कारण रहेको कुरा उल्लेख गरिएको छ । जीविकोपार्जनको लागि र वेरोजगारीको समस्या हल गर्न वैदेशिक रोजगार महत्वपूर्ण

विकल्प रहेको कुरालाई उल्लेख गरिएको छ । जसमा विप्रेषणलाई बढी चासोको रूपमा हेरिएको छ । उनको अध्ययन क्षेत्रमा वैदेशिक रोजगार जीविकोपार्जनको मुख्य स्रोत बनेको र बेरोजगारी र गरिबीको वैदेशिक रोजगारलाई बढाएको छ भन्ने बारेमा खुलस्त पारिएको छ ।


आले (२००१) ले गरेको श्रम बसाईसराई कास्की जिल्लाको पुम्दीभुम्दी गाविसको अध्ययन अनुसार वैदेशिक रोजगारको कारण, विप्रषणको प्रयोग र लगानीको स्रोतको बारेमा केन्द्रित गरिएको छ । जसअन्तर्गत देशमा स्वरोजगारको कम सम्भावना, उपयुक्त किसिमको वातावरण नभएको र आवश्यकताअनुसार स्रोत साधन, दक्षता र सिपको अभावका कारण वैदेशिक रोजगारमा संलग्न भएको कुरा उल्लेख गरिएको छ ।

कट्टेल (२००६) ले कास्कीको भलाममा गरेको एक अध्ययनअनुसार वैदेशिक श्रम बसाईसराईमा प्राय गरेर उच्च र सहज बसाई एवम् सामाजिक इज्जतको लागि गरिन्छ । यसमा विभिन्न जाति र वर्गका मानिसहरू संलग्न रहेका हुन्छन् । वैदेशिक रोजगारबाट विप्रेषण मार्फत रकम घरपरिवारमा पठाउँदा वैकिङ्ग क्षेत्रमा पपनि सुधार हुने र घरपरिवारमा खर्च गरी बचत भएको रकम लगानीमा प्रयोग गरी धेरै पूँजी निर्माण गर्न सकिने कुरालाई जोड दिइएको छ । वैदेशिक रोजगारको कारण आरामदायी बसोबास, सन्तुलित भोजन, शिक्षा, स्वास्थ्य र आम्दानीमा राम्रो सुधार ल्याएको कुरालाई केन्द्रित गरिएको छ । वैदेशिक रोजगारले दक्षता नभएको श्रमलाई पनि सहयोग पुऱ्याएको र वेरोजगारीको समस्यालाई घटाउँदै गएको हुँदा फाइदा र उपयोगी स्रोतको रूपमा विश्लेषण गरिएको छ ।

## २.३ अध्ययनको अवधारणात्मक खाँका

वैदेशिक रोजगार विकासोन्मुख राष्ट्रको लागि अति आवश्यक देखिन्छ । वैदेशिक रोजगारले हाम्रो समाजमा आइपर्ने विभिन्न समस्याहरू र आवश्यकताहरू परिपूर्ति गर्नमा र जिविकोपार्जन गर्नमा सहयोग पुऱ्याएको छ । वैदेशिक रोजगारका कारण सिप सिक्ने अवसर प्राप्ति भएको छ । जसले चेतनाको विकासको साथमा गरिबी न्यूनिकरण, समयको सदुपयोग एवम् नयाँ किसिमको पेशा र प्रविधिको प्रयोग गरी आरामदायी जीवन बिताउन पनि प्रेरणा दिएको छ । यस अन्तर्गत निम्न विषयहरू पर्दछन् ।

**चित्र २.१: अवधारणात्मक खाँका**




माथिको खाँकामा वैदेशिक रोजगार र घरपरिवारको जीवनयापनमा आएको परिवर्तन विचको अन्तरसम्बन्धलाई देखाइएको छ । वैदेशिक रोजगारीलाई हामीले मुख्य गरेर आर्थिक पक्षबाट मात्र हेरे पनि यसले अन्य पक्षमा पनि सहयोग पुऱ्याइरहेको हुन्छ । वैदेशिक रोजगारीले वैदेशिक रोजगारीमा संलग्न व्यक्ति र उसको घरपरिवारको जीवनयापनमा पनि प्रभाव पारिरहेको हुन्छ । जस्तै वैदेशिक रोजगारीमा जाने व्यक्तिले स्वदेशमा नजानेका सिपहरू विदेशमा संलग्न हुँदा उसले काम गर्ने अवस्थामा सिक्ने मौका पाएको हुन्छ र त्यही सिपलाई आफ्नो देशमा ल्याएर घरपरिवारलाई सिकाउने वा आफू नै स्वदेशमा नै बसेपनि बेरोजगार हुनुपर्दैन जसले विदेशमा सिकेको सिपले स्वदेशमा नै आफू वा घरपरिवारलाई रोजगारी सिर्जना गर्न सक्छ भने वैदेशिक रोजगारमा संलग्न भएपछि चेतना अभिवृद्धि पनि हुने गर्छ उसले आफ्नो ठाउँको भन्दा नयाँ नयाँ विकासका कुराहरू देख्न वा भोग्न पाउँछ । त्यसैले गर्दा स्वदेशमा पनि काम गर्ने संस्कृतिमा नै नयाँ सोच र चेतना आउन थाल्छ । जस्तै काम गर्न पनि सबै मानिस समान हुन जसले जे काम गरे पनि हुन्छ भन्ने सोच, हातले काम गर्नु भन्दा प्रवृधियुक्त सामान चलाउने चेतनाको विकास आदि जस्ता कुराले गर्दा घरपरिवारमा नयाँ ज्ञान प्राप्त गर्ने मौका मिल्दछ । स्वदेशमा बेरोजगारी र गरिबीको कारणले खासै कुनै

क्षेत्रमा पनि राम्रो पहुँच पुग्न सकेको हुँदैन । वैदेशिक रोजगारमा संलग्न व्यक्तिको घरपरिवारहरूले विभिन्न अवसरहरू पाउन सक्छन् । वैदेशिक रोजगारको आम्दानीले गर्दा उनीहरूको आर्थिक अवस्थामा सुधार आउन थाल्छ जसले गर्दा घरपरिवारहरूले गुणस्तरीय शिक्षा, स्वास्थ्य, खान, बस्न, भौतिक साधनको प्रयोगको अवसर प्राप्त गर्छन् र उनीहरूको व्यवहारमा पनि परिवर्तन आउँछ । वैदेशिक रोजगारबाट उनीहरूको घरपरिवारको जीवनयापनमा प्रभाव पर्नुको साथै परिवर्तन ल्याएको हुन्छ । त्यसैले गर्दा वैदेशिक रोजगार र घरपरिवारको जीवनयापनमा आउने परिवर्तनसँग अन्तरसम्बन्धित छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययनले कास्की जिल्लाको पोखरा २७, हेमजालाई केन्द्रित गर्दछ । यसमा रोजगार अथवा पेशाको लागि विदेश तर्फ बसाईसराई गरेका वैदेशिक रोजगारले घरपरिवारमा पारेको प्रभावबारे अध्ययन गरिएको छ । पोखरा २७, हेमजाको अध्ययन गर्नुको कारण हेमजाका अर्ध शहर र कृषियोग्य भूमि भएर पनि त्यहाँका मानिसहरू रोजगारको लागि विदेशतर्फ गएको र वैदेशिक रोजगारको बारेमा हेमजामा यो भन्दा अघि अध्ययन नभएको हुँदा क्षेत्र र शिर्षक छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धानको एउटा मार्ग दर्शक हो । वैदेशिक बसाईसराईले घरपरिवारको जीविकोपार्जनमा पारेको प्रभावबारे अध्ययन गर्नुपर्ने हुँदा अन्वेषणात्मक अनुसन्धान र वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेर अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा अनुसन्धानको प्रकृति संख्यात्मक र गुणात्मक दुवै किसिमको रहेको छ भने प्राथमिक र द्धितीय स्रोत प्रयोग गरेर अनुसन्धान गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत स्थलगत अध्ययन, अन्तर्वार्ता अवलोकन पर्दछन् भने सम्बन्धित लेख, रचना इन्टरनेट, सोधपत्र, द्धितीय स्रोत अन्तर्गत पर्दछन् ।

## ३.४ समग्र र नमुना छनौट विधि

यस अनुसन्धानमा कास्की जिल्ला पोखरा २७, हेमजालाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । उक्त वडामा कुल घरधुरी सङ्ख्या १२८१ र परिवार सङ्ख्या ५२५३ रहेका छन् । जसमा खाडी मुलुकमा बैदेशिक रोजगारका लागि जाने घरधुरीको संख्या २०९

घरधुरीमा १०५ जनालाई नमुना छनौटको रूपमा समेटिएको छ । विदेश गएका व्यक्तिको घरपरिवारको सदस्यहरूलाई उत्तरदाताको रूपमा लिइएको छ । किनकी अध्ययनको उद्देश्य बमोजिम तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुँदा प्रभावित क्षेत्रलाई बढी केन्द्रित गरी समावेश गरिएको छ । जसमा उद्देश्यपूर्ण नमुना छनौट प्रयोग गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधि

यस अनुसन्धानमा प्राथमिक तथ्यांकको स्रोत प्रयोग गरिएको छ । जस अन्तर्गत अवलोकन, अन्तर्वार्ता तथा सम्बन्धित एवम् जानकार व्यक्तिहरूबाट प्रत्यक्ष सूचना वा तथ्यांक संकलन गरिएको छ ।

### क) अवलोकन

तथ्यांक संकलनको महत्वपूर्ण विधि अवलोकन अन्तर्गत रहेर सम्बन्धित उत्तरदाता परिवारहरूको हालको जीवनयापनको पद्धति, रहनसहन र दैनिकीका विभिन्न पक्षहरूको अवलोकन गरी महत्वपूर्ण तथ्यांकहरू संलकन गरिएको छ ।

### ख) अन्तर्वार्ता अनुसूची

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा सम्बन्धित व्यक्तिसँग अध्ययनको उद्देश्य अनुरूप प्रत्यक्ष सहभागी भएर अन्तर्वार्ता अनुसूची तयार गरिएको छ जसमा घरपरिवारका जानकार व्यक्ति रहने हुँदा प्रश्नावली सहितको निर्देशित अन्तर्वार्ता लिइएको छ । यो वैदेशिक रोजगारसँग सम्बन्धित हुने हुँदा यसैलाई केन्द्रित गरेर अर्न्तवार्ता अनुसूची तयार पारी तथ्यांक संकलन गरिएको छ । सो अनुसूचीको १ नमुना अनुसूची १ मा दिइएको छ ।

### ग) वैयक्तिक अध्ययन

तथ्यांक संकलन गर्ने प्राथमिक विधि अन्तर्गत गुणात्मक तथ्यांक संकलन गर्ने विधि वैयक्तिक अध्ययन हो । यसको माध्यमबाट तथ्यांक संकलन गर्दा सूचनाहरू बढी विश्वसनीय हुन्छन् । यस अध्ययनमा वैदेशिक रोजगारबाट घरपरिवारमा पारेको प्रभावबारे अध्ययन गरिएको छ ।

जसमा केही वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको घरमा गई उल्लेखित प्रश्नावलीको आधारमा अर्न्तवार्ता लिई सत्यतथ्य सूचना संकलन गरिएको छ ।

## ३.६ तथ्यांक प्रस्तुतीकरण र विश्लेषण

वैदेशिक रोजगारमा संलग्न भएका घरपरिवारहरूको विचारलाई समावेश गरेर अन्तर्वार्ता अनुसूचीको माध्यमबाट यो अध्ययन गरिएको छ । तथ्यांक संकलन गर्ने क्रममा प्राप्त तथ्यांकहरूलाई तालिकीकरणको माध्यमबाट तथ्यांक विश्लेषण गरिएको छ । यसलाई प्रस्तुत गर्न आवश्यक कम्प्यूटर प्रोग्राम एक्सेल र एसपीएसएस प्रयोग गरिएको छ । प्राप्त तथ्यांकहरूलाई आवश्यक अनुसार वर्णनात्मक र अन्वेषणात्मक रूपमा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

अन्नपूर्ण तथा माछापुच्छ्रे हिमाल पर्वतमालाको काखको अवस्थित प्राकृतिक छटाको बरदान पाएको हेमजा भोट व्यापारको एउटा ऐतिहासिक मुख्य बाटोको रूपमा परम्परागत रूपमै विकास भएको पाइन्छ । त्यस्तै प्रसिद्ध तिर्थस्थल मुक्तिनाथ जाने बाटो, पोखरा, बाग्लुङ्ग राजमार्गको कारण पनि आफ्ना विकासमा ठूलो भूमिका खेलेको छ । साथै कास्की जिल्ला अन्तर्गत क्षेत्र नं. ४ को केन्द्रमा अवस्थित यो क्षेत्र विभिन्न शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको स्थापनको कारण हेमजामा बस्ती विकासका साथसाथै विभिन्न क्रियाकलापहरू केन्द्रित हुँदै आइरहेका छन् ।

उत्तरपट्टिको हिमालयको मनोहर दृश्य स्वच्छ हावा र पानी चमेरो गुफा, तुलस्तरा गुफा, सुन्दरीपुरी, ठेडी चौर, अम्मठ, शेरा, तिब्रेकोट र गहते जस्ता रमणिय स्थलका साथसाथै स्थानिय सांस्कृतिक परम्परा र गाइने जातिका सांस्कृतिक बाजाहरू यस क्षेत्रका अमूल्य सम्पत्तिहरू हुन् । प्रमुख प्राकृतिक स्रोतको रूपमा उब्जाउ भूमि, वन, नदी, किनारामा पाइने ढुंगा, बालुवा र पानी हुन भने मानविय स्रोत साधनका यहाँ क्रियाशील जनशक्ति र तिनमा विद्यमान सीप हो ।

यस क्षेत्रमा रहेको सामुदायिक तथा निजी शैक्षिक संस्था, आर्थिक क्रियाकलाप, सामाजिक र सांस्कृतिक सम्पदाका कारण यस क्षेत्रले आफूलाई अन्य क्षेत्रको तुलनामा शिक्षित तथा चेतनशिल बौद्धिक व्यक्तित्वको धनी भन्न रुचाउँछ । खास गरेर यहाँका मानिसहरू शिक्षा तथा निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरीका अतिरिक्त भारतिय सेना तथा वैदेशिक रोजगारमा संलग्न भएका छन् ।

### ४.१.१ सामाजिक इतिहास

यस क्षेत्रमा विभिन्न जातजातिको बसोबास भएपनि क्षेत्री ब्राह्मण यहाँका पुराना बासिन्दा हुन् । पहिला पहिला यहाँ बसोबास गर्ने बासिन्दाहरू आफन्तजन अर्थात नजिकका दाजुभाइहरू एकै ठाउँमा बस्ने गर्दथे त्यसकारण हामीले अहिले हेऱ्यौ भने पनि बेग्लाबेग्लै जातजातिका मानिसहरू छुट्टाछुट्टै ठाउँमा गोलबन्द भएर बसोबास गरेको पाइन्छ । बेग्लाबेग्लै जातजातिहरूले जातिय पेशाको रुपमा व्यवसाय गर्ने गरेको  सुन्न वा देख्न पाइन्छ । जस्तै ब्राह्मणहरूले पुजापाठ गर्ने क्षेत्रीहरू सेनामा जागिर गर्ने, नेवार जातिले व्यापार गर्ने, दमाइ जातिले कपडा सिलाउने, गायकले गाउने बजाउने गर्ने आदि जस्ता काम गरेको पाइन्छ । जे भएपनि कृषि पेशा भने सबैले अंगालेको पाइन्छ । पुराना जमानामा महिलाहरूले घरभित्रको काम गर्ने र पुरुषले बाह्य काम गर्ने गर्दथे । तत्कालिन समयमा एक आपसमा समाजमा सहयोगी भावना पाइन्थ्यो । जस्तैः विवाहमा जन्ती जाने, मर्दा मलामी जाने, एकले अर्काको काममा सघाउने, कृषि कार्यमा पर्म जाने जस्ता कार्य गरेको पाइन्थ्यो जुन परम्परालाई यहाँका मानिसहरूले अहिलेसम्म पनि अंगालेको पाइन्छ । यस क्षेत्रमा क्षेत्री, ब्राह्मणको अलावा अन्य जातजातिहरू पनि अल्पसंख्यामा रहेको पाइन्छ । सबैले आ-आफ्नो धर्म र संस्कार अनुसारका कार्य परम्परागत रुपमा मान्दै आएको पाइन्छ । पर्याप्त मात्रामा रोजगारको अवसर नहुनु, शिक्षाको अभाव जस्ता कारणले गर्दा अधिकांश मानिसहरू कृषिमा निर्भर भएको पाइन्छ । कोही मानिस रोजगारको लागि भारत, वर्मा, पाकिस्तान सम्म पुगेको सुन्न पाइन्छ । जबजब शिक्षाको विकास, विभिन्न प्रविधिको विकास हुँदै गयो यहाँका बासिन्दाहरू अन्य देशहरूमा पनि रोजगारीको लागि गएको पाइन्छ ।

### ४.१.२ सामाजिक संरचना र वैदेशिक सम्पर्क

पोखरा २७ हेम्जा पश्चिमाञ्चल विकास क्षेत्रको एक उर्वर सुन्दर र सुविधायुक्त ठाउँ हो । यस क्षेत्रमा पहिला देखि नै विभिन्न जात जाति बसोबास गर्दै आएका छन् जस्तै ब्राह्मण, क्षेत्री, नेवार विभिन्न दलित जातजाति । यद्यपी यहाँ ब्राह्मण, क्षेत्रीको बाहुल्यता रहेको छ । वर्तमान समयमा विभिन्न सुविधा जस्तै शिक्षा, स्वास्थ्य, यातायात लगायत अन्य सुविधा यहाँ प्राप्त हुनुको कारण अन्य क्षेत्रबाट पनि यस क्षेत्रमा बसाइसराई गरी आउनेको संख्या क्रमिक रुपले बढ्दै गएको छ । जसको कारण यहाँको जनघनत्व वृद्धि हुँदै गएको छ । अहिले यहाँ गुरुङ्ग, तामाङ्ग, मगर, छन्त्याल लगायतका जातजातिहरू पनि बसाइसराई गरी आएको

पाइन्छ । विभिन्न जातजाति बसोबास गर्ने भएको हुँदा यहाँ आ-आफ्नो जातजातिअनुसार खस, गुरुङ्ग, तामाङ्ग, मगर, नेवारी भाषा बोलिन्छ । तर पनि क्षेत्री, ब्राह्मणको बाहुल्यता भएको हुँदा अधिकांशले खस भाषा नै बोल्ने गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने अधिकांशले हिन्दु धर्म मान्दछन् । यस क्षेत्रमा तिब्बतीयन शरणार्थीहरूको पनि बसोबास रहेको पाइन्छ । उनीहरूले बुद्ध धर्म मान्दछन् । केही वर्ष अगाडि सम्म वैदेशिक रोजगारमा जानेको संख्या ज्यादै कम थियो । त्यसमा पनि विशेष गरी गुरुङ्ग, मगर, राइ, लिम्बु जस्ता मानिसहरू इमान्दार र सोझा हुन्छन् भनी ब्रिटिस सेना र भारतीय सेनामा भर्ति गरिन्थ्यो । अन्य जातलाई भर्ति नगर्ने भएको हुँदा छिमेकी मुलुक भारतमा काम गर्ने गर्दथे । जहाँ कुनै पासपोर्ट र भिसाको जरुरी थिएन तर पछिल्लो समयमा देशमा बढ्दो बेरोजगारी, द्वन्द्व, आन्दोलनको साथै उनीहरूको व्यक्तिगत आवश्यकता पूरा गर्न कठिन भएको अवस्थामा वैदेशिक रोजगारदाता राष्ट्रहरूले वैदेशिक रोजगारीको लागि खुला नीति ल्याएको हुँदा यहाँका मानिसहरू वैदेशिक रोजगारप्रति आकर्षित भएको पाइन्छ । सामान्यतया ज्यादै निम्न आर्थिक स्तरका मानिस भारत र मध्यम स्तरका मानिसहरू खाडीमुलुक तर्फ गएको पाइन्छ । खाडी मुलुकमा जानको लागि यहाँका मानिसहरू मेनपावर कम्पनी र साथीभाइको सम्पर्कद्धारा जाने गरेको पाइन्छ ।


### ४.१.३ सामाजिक चालचलन र लाहुरे संस्कृति

प्रत्येक समाजमा बसोबास गर्ने मानिसहरूका आ-आफ्नै धर्म, संस्कृति, रितिरिवाज, चाडपर्व, विभिन्न संस्कार, रहनसहन र चालचलन हुन्छन् । यस क्षेत्र पनि यसबाट अछुतो रहन सक्दैन । यहाँ परम्परागत रुपमा मानिदै आएका चाडपर्वहरू जस्तैः दशैं, तिहार, तिज, जनैपूर्णिमा, माघेसंकान्ति, लगायत अन्य चाडपर्वहरू मान्दै आएको पाइन्छ । त्यस्तै गरी विवाह, व्रतबन्ध, पास्नी, जस्ता शुभकार्यहरू पनि आफन्तजन, साथीभाई, इष्टमित्रहरूलाई निमन्त्रणा गरी मनाइन्छ । यसबाट आपसी सद्भाव र भाइचाराको सम्बन्धमा वृद्धि भएको छ । चाडपर्वहरूको आ-आफ्नो विशेष महत्व छ । जसमा दशैमा मान्यतजनको हातबाट टिका ग्रहण गर्ने र खुशीयाली मनाउने, मिठो मिठो भोजन गर्ने, तिहारमा दिदीबहिनीद्धारा दाजुभाइहरूले टिका ग्रहण गर्ने, दिदीबहिनीहरूले ल्याएका मिठा मिठा भोजन खाने, दिदीबहिनीहरूलाई उपहार दिने त्यसैगरी तिजमा चेलीबेटीलाई माइतीद्वारा निमन्त्रणा गरी दर ख्वाउने, नाचगान गर्ने चलन अझैसम्म कायम रहेको छ जसले गर्दा आपसी सम्बन्धलाई मजबुत बनाउँदै गएको पाइन्छ । मृत्युपछि गरिने संस्कार पनि यस क्षेत्रमा कायम नै रहेको

पाइन्छ । कुनैको मृत्यु भयो भने छिमेकी वा आफन्तजन मलामी जाने त्यसपछि आआफ्नो संस्कारअनुसार क्रियाकाज गर्ने जस्ता कुराहरू पनि यहाँ हुँदै आएका छन् । पहिला पहिला यहाँका मानिसहरू जातिय पेशाको रुपमा काम गर्थ्यो भने वर्तमान समयमा क्षमताको आधारमा सबैले सबै कार्य वा पेशा गरेको पाइन्छ । यहाँको अधिकांश जनसंख्या कृषिमा निर्भर भएको पाइन्छ । केही मानिसहरू निजामति सेवामा कार्यरत छन् भने केही नेपाली सेना, नेपाल प्रहरी तथा अन्य निजी क्षेत्रमा पनि संलग्न रहेको पाइन्छ । केहीले व्यापार गरेर जीविकोपार्जन गरेको पाइन्छ । वर्तमान समयमा अन्य क्षेत्रबाट बसाइसराई गरी आउनेको संख्या बढ्दै गएको कारण घरवासको लागि जमिन खण्डीकरण गरेर उर्वरा योग्य भूमिको विनाश भईरहेको कारण कृषि कार्यमा लाग्ने मानिसको पेशा पनि धरापमा पर्ने अवस्था आएको छ । कृषि भूमिको विनाश हुँदै जानु, राज्यले रोजगारीको सिर्जना गर्न नसक्नु र वैदेशिक रोजगारमा गएका मानिसहरूले आर्थिक प्रगति गरेको देखेर यहाँका मानिसहरू पनि वैदेशिक रोजगारमा आकर्षित भएको पाइन्छ । वैदेशिक रोजगारमा गई काम गर्ने र आयआर्जन गरी आउने व्यक्तिलाई लाहुरे भन्ने चलन छ । बुढापाकाको भनाइ अनुसार पहिला पहिला नेपालबाट पाकिस्तानको लाहोरको भन्ने शहरमा गई काम गरेर फर्केकालाई लाहुरे भनिन्थ्यो तर अहिले देश बाहिर गएर काम गरी आयआर्जन गर्ने सबैलाई लाहुरे भन्ने चलन छ ।

विशेषगरी गुरुङ्ग, मगर जातिका मानिसहरू व्रिटिस सेना तथा भारतीय सेनामा भर्ती हुने र त्यसबाट प्रशस्त कमाई गर्ने भएको हुँदा गुरुङ्ग समुदायमा लाहुरेको विशेष स्थान रहेको पाइन्छ तर यसको प्रभाव यस क्षेत्रका अन्य जातजातिमा पनि परेको पाइन्छ जसको फलस्वरुप आयआर्जन गर्नको लागि सेनामा भर्ती हुनुको अलवा वैदेशिक रोजगारीको विभिन्न मुलुकहरूमा जाने गरेको पनि पाइन्छ । देशमा पढेलेखेका शिक्षित व्यक्तिहरू पनि बेरोजगार बस्नुपर्ने तथा आम्दानीको स्रोत नहुने हुँदा विवाहको क्रममा पनि समाजले अन्य व्यक्तिहरूलाई भन्दा लाहुरेलाई नै बढी महत्व दिएको पाइन्छ । वैदेशिक रोजगारको कारणले गर्दा लाहुरेको पारिवारिक जीवन पद्धति जस्तै लवाइखवाइ बसाई, पढाइ जस्ता चालचलनमा धेरै परिवर्तन आएको छ ।

# अध्ययन क्षेत्रको नक्सांकन



## ४.२ उत्तरदाताहरूका सामाजिक र आर्थिक विशेषता

समाजमा विभिन्न धर्म, पेशा, रितिरिवाज भएका जातजातिहरू बस्दछन् र सबै मानिसहरूको आफ्नै आफ्नै विशेषता रहेको हुन्छन् र वैदेशिक रोजगारमा जाने व्यक्तिहरू पनि विभिन्न जातजातिका रहेका छन् र उनीहरूको घरपरिवारलाई उत्तरदाता मानेर तथ्यांक संकलन गरिएको छ र यहाँ उनीहरूमा एउटै उमेर समूहका नभइ विभिन्न उमेर समूह लिङ्ग, जातजाति, परिवारको किसिम र उनीहरूले अपनाएको पेशाको बारेमा उल्लेख गरिएको छ ।

### ४.२.१ उमेर समूहको आधारमा उत्तरदाताको विवरण

जनसंख्याको महत्वपूर्ण आधार उमेर हो । उमेर अनुसार सिक्ने र सिकाउने कुरामा प्रभाव परेको हुन्छ । उमेर कै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ । मानिसको काम गर्ने शैली, प्रकार छलफल, निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेर अनुसार समाजमा व्यक्तिको कर्तव्य र दायित्व रहेको हुन्छ । व्यक्ति उमेर अनुसार आफ्नो भूमिका निभाउन अग्रसर रहन्छ । तलको तालिकामा उत्तरदाताको उमेरसमूह प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २५- ३५ | ३५ | ३३.३ |
| ३५-४५ | २५ | २३.८ |
| ४५-५५ | ३४ | ३२.४ |
| ५५ भन्दा माथि | ११ | १०.५ |
| जम्मा | **१०५** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार विभिन्न उमेर समूहका उत्तरदाताहरू रहेको पाइयो । त्यसमध्ये २५-३५ उमेर समूहको संख्या ३५ (३३.३) प्रतिशत रहेको छ भने ३५-४५ उमेर समूहको संख्या २५ (२३.८) प्रतिशत र ४५-५५ उमेर समूहको संख्या ३४ (३२.४) प्रतिशत त्यस्तै ५५ भन्दा माथि उमेर समूहको संख्या ११ (१०.५) प्रतिशत रहेको छ जसमा २५-३५ उमेरसमूहको उत्तरदाताको संख्या सबैभन्दा बढी रहेको र ५५ भन्दा माथि उमेर समूहको उत्तरदाताको संख्या सबैभन्दा कम रहेको पाइयो ।

### ४.२.२ लिङ्गको आधारमा उत्तरदाताको विवरण

लिङ्गको आधारमा समाज एवम् परिवारमा फरक फरक भूमिका र कार्य रहेको हुन्छ । यसले फरक किसिमको विचार र धारणा दिन्छ । लिङ्ग अनुसार दायित्व, कर्तव्य र भूमिका अलग हुन्छ । यस अध्ययनका उत्तरदाताहरू लैङ्गिक आधारमा निम्नानुसार वर्गिकरण गरिएको छ ।

**तालिका ४.२: लिङ्गको आधारमा उत्तरदाताको विवरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ३३ | ३१.४ |
| महिला | ७२ | ६८.६ |
| जम्मा | **१०५** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार लिङ्गको आधारमा पुरुष उत्तरदाताको संख्या ३३ (३१.४) प्रतिशत र महिला उत्तरदाताको संख्या ७२ (६८.६) प्रतिशत रहेको पाइयो । जसमा महिला उत्तरदाताको संख्या भन्दा पुरुष उत्तरदाताको सङ्ख्या बढी देखियो ।

### ४.२.३ उत्तरदाताको जात र जातीयता

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र बहु जातीयता भएको देश हो । अध्ययन क्षेत्रको नमूना घर परिवारमा विभिन्न जात जातीयताको समूहरू बसोबास गरेको पाइयो । जस्तै ब्राह्मण, क्षेत्री, जनजाति, दलित रहेका छन् जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.३: उत्तरदाताको जातजातियता अनुसार संख्या विवरण**

| जातजातीयता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ३० | २८.६ |
| क्षेत्री | ४५ | ४२.९ |
| जनजाति | १६ | १५.२ |
| दलित | १४ | १३.३ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.३ मा विभिन्न जातजातिको उत्तरदाताको संख्याको विवरणलाई प्रस्तुत गरिएको छ । नेपाल एक हिन्दु राष्ट्र भएकोले क्षेत्री, ब्रामिण जातिको संख्या अग्र स्थानमा छ । अध्ययन क्षेत्रमा ब्राम्हण जाति ३० वा २८.६ प्रतिशत, क्षेत्री ४५ वा ४२.९ प्रतिशत रहेको छ । त्यस्तै गरी जनजाति १६ वा १५.२ प्रतिशत र दलित १४ वा १३.३ प्रतिशत देखाएको छ । यसप्रकार यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने क्षेत्री जातिको संख्या अन्य जातिको भन्दा बढी भएको पाइयो ।

## ४.२.४ उत्तरदाताको परिवारको किसिम

परिवारको संरचनालाई दुई किसिमबाट विभाजन गर्न सकिन्छ । एकल परिवार र संयुक्त परिवार । एकल परिवार भन्नाले बाबु, आमा छोराछोरीहरू एकै घरको छानामुनी बसोबास गर्नुलाई बुझाउँदछ भने संयुक्त परिवार भन्नाले तीन पुस्ता वा हजुरबुवा, हजुरआमा, बाबुआमा, ठूलोबुवा, काका, फुपु आदि एउटै घरको छानामुनी एकै भान्छामा खानपिन गर्नुलाई बुझाउँदछ । यस अध्ययन क्षेत्रमा एकल र संयुक्त किसिमको परिवारको संरचना रहेका छन् । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३: परिवारका किसिम**

| परिवारको संरचना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ५२ | ४९.५ |
| संयुक्त | ५३ | ५०.५ |
| **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार यस अध्ययनबाट १०५ जनाको उत्तरदाताहरूको पारिवारिक संरचनालाई ५२ वा ४९.५ प्रतिशत एकल परिवारमा बस्दछन् भने ५३ वा ५०.५ प्रतिशत संयुक्त परिवारमा बस्ने गर्दछ । यस प्रकार यस अध्ययन क्षेत्रमा एकल परिवारको भन्दा संयुक्त परिवारको बाहुल्यता रहेको पाइयो ।

### ४.२.५ उत्तरदाताको मुख्य पेशा

पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । पेशाले नै व्यक्तिको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थामा प्रभाव पारेको हुन्छ । मानिसहरूले विभिन्न पेशा अपनाएर आफ्नो जीवनयापन गरिरहेका हुन्छन् जस्तै कृषि, ज्यालामजदुरी, व्यवसाय र अन्य कुनै काम गरेका हुन्छन् । यस अध्ययन क्षेत्रमा पनि उत्तरदाताहरूको मुख्य पेशालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.५: उत्तरदाताको पेशाको विवरण**

| उत्तरदाताको पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ६० | ५७.१ |
| ज्याला मजदुरी | ४ | ३.८ |
| व्यवसाय | २० | १९.० |
| अन्य | २१ | २०.० |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.५ मा पेशाको आधारमा उत्तरदाताको संरचनाको विवरण प्रस्तुत गरिएको छ । नेपाल एक कृषि प्रधान देश भएकोले अझै पनि ८० प्रतिशत भन्दा बढी मानिसहरू कृषि पेशामा निर्भर भएको देखिन्छ । त्यसैले कृषि पेशामा संलग्न भएको उत्तरदाताको संख्या ६० जना वा ५७.१ प्रतिशत देखिन्छ । ज्याला मजदुरीमा ४ जना वा ३.८ प्रतिशत, व्यापार व्यवसायमा २० जना वा १९.० प्रतिशत र अन्य पेशामा संलग्न २१ जना वा २०.० प्रतिशत जसमा कृषि पेशा गर्ने उत्तरदाताको सङ्ख्या सबभन्दा बढी र ज्यालामजदुरी गर्ने उत्तरदाताको सङ्ख्या सबभन्दा कम रहेको पाइयो ।

# अध्याय पाँच

# वैदेशिक रोजगारमा जानको कारण, लगानी, स्रोत र घरपरिवारका धारणा

वैदेशिक रोजगार आफ्नो राष्ट्रमा अवसरको कर्मी, लगानीमा घाटा र कम तलब अथवा बेरोजगारका कारण राष्ट्र छाडेर अन्य राष्ट्रमा जिविकोपार्जनको लागि कम खर्चिने र रकम प्राप्ति गरी दैनिक आधारभूत आवश्यकता देखि लिएर सहजता र सुगमताको लागि प्रयोग गरिने साधनको परिपूर्तिको लागि अवसर प्राप्त गर्न गइन्छ भने त्यो वैदेशिक रोजगार हो । वैदेशिक रोजगार आजको आवश्यकता भएको छ । यसले पनि कतिपय क्षेत्रमा सकारात्मक प्रभाव त कतिपय क्षेत्रमा नकारात्मक असर पारेको छ । राष्ट्रभित्र पनि विभिन्न संस्था उत्पन्न हुँदा केही नेपाली जनलाई पनि रोजगारीको अवसर प्राप्त भएको छ भने नेपालमा रहँदा बेरोजगारीका कारण जिविकोपार्जनमा समस्या परेका जनताहरू वैदेशिक रोजगार अवलम्बन गर्दा सजिलैसँग आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने भएका छन् । यसमा वैदेशिक रोजगारमा गएका घरपरिवारका सदस्यहरूसँग उनीहरूको धारण बुझ्ने प्रयत्न गरिएको छ ।

## ५.१ वैदेशिक रोजगारमा जानुको कारण

वैदेशिक रोजगारमा आफ्नो राष्ट्रमा अवसरको कमी भएर, गरिएको लगानीमा कम आम्दानी भएर वा कम तलव भएको कारण मोटो रकम प्राप्त गर्नको लागि मानिस वैदेशिक रोजगारमा संलग्न भएको हुन्छ । यसको अलावा राष्ट्रमा हुने अराजक गतिविधि, आतंकका कारण पनि र कार्य गरिरहेको ठाउमा मानविय सम्बन्ध राम्रो नभई पनि वैदेशिक रोजगारमा लाग्ने प्रवृत्ति देखिएको छ । कतिपयलाई आत्मनिर्भर रहनको लागि पनि जाने गरेको पाइन्छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.१: वैदेशिक रोजगारमा जानुको कारण**

| वैदेशिक रोजगारमा जानुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बेरोजगार | ४५ | ४२.९ |
| गरिबी | ४८ | ४५.७ |
| अन्य | १२ | ११.४ |
| जम्मा | १०५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाबाट पुष्टी हुन्छ कि विशेष गरेर वैदेशिक रोजगारमा अवसर प्राप्ति गरी आत्मनिर्भर घरपरिवारको दैनिक आधारभूत आवश्यकताको परिपूर्तिको साथमा गरिबीलाई न्यूनिकरण गर्नको लागि गरेको पाइन्छ । जसअन्तर्गत बेरोजगार भएर ४५ जना ४२.९ प्रतिशत र गरिबीका कारण ४८ जना ४५.७ प्रतिशत वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ जसअन्तर्गत गरिबीको कारणले जाने व्यक्तिको संख्या सबैभन्दा बढी र अन्य कारणले जाने व्यक्तिको संख्या सबैभन्दा कम रहेको पाइयो ।

## वैयक्तिक अध्ययन १

## विष्णु बहादुर थापा (नाम परिवर्तन)

*एकात्मक परिवारमा रहनुभएका विष्णु बहादुर थापा वैदेशिक रोजगारमा संलग्न परिवारका एक सदस्य हुनुहुन्छ । उहाँको परिवारमा ६ जना सदस्य हुनुहुन्छ जसमा आफू श्रीमती, ३ छोरा र एक छोरी रहेका छन् । तर हालसम्म कुनै पनि छोराछोरीको विहे भएको छैन । त्यसमध्ये वैदेशिक रोजगारका लागि उहाँका जेठा छोरा संलग्न भएका छन् । उहाँको परिवार विशेष गरेर कृषि पेशामा नै आवद्ध छ । परिवार संख्या ठूलो र छोराछोरी सबै पढ्ने हुनाले र तलब आउने खासै जागिर नभएको हुनाले आफ्ना घरपरिवारको जीवनयापन गर्न अलि गाह्रो भएको थियो । त्यसैले घरको जेठोबाठो छोरा भएको र अलि बुझ्ने व्यवहारिक पनि भएको कारणले जेठो छोरालाई वैदेशिक रोजगारको लागि पठाएको बताउनुहुन्छ । उहाँले छोरा वैदेशिक रोजगारमा संलग्न भएको ५ वर्ष भयो र बिचमा आउने जाने पनि गर्छ भनेर बताउनुहुन्छ भने छोरालाई वैदेशिक रोजगारमा पठाउने बेलामा आफूसँग पैसा नभएको कारणले बैंकबाट ऋण लिएर वैदेशिक रोजगार संस्थामार्फत कतारमा पठाउनुभएको थियो र कतारमा जाँदा उहाँको छोरा वेटर भिसामा गएका थिए र सुरुसुरुमा आम्दानी खासै धेरै नभएको तर अहिले भने उसको तलब विस्तारै वृद्धि भएको छ । उसले कमाएको रकम धेरै जसो वित्तिय संस्थामार्फत पठाउने र कहिलेकाही साथीभाई आउने अवसर मिल्यो भने साथीभाई सँगपनि पठाउँछ भनेर बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ मेरो छोराले विदेशमा कमाएको रकमले आफू जाँदा लागेको ऋण तिरिसकेको छ । उसको आम्दानीले घरपरिवारमा ठूलै प्रगति गर्न नसकेतापनि घर खर्च चलाउन र भाइबहिनीहरूको पढाइ खर्च जुटाउनको लागि पनि सहज भएको छ भने केही रकम बैंक व्यालेन्स पनि गरेका छौं भनेर बताउनुहुन्छ ।*

*अन्त्यमा उहाँले आफ्ना आवश्यकताहरू पूरा गरेर केही रकम बचत पनि गर्न पाउँदा वैदेशिक रोजगारप्रति खुशी र सन्तुष्ट नै हुनुहुन्छ । तसर्थ आफ्नो छोराले स्वदेशमा बेरोजगार भएर बस्नुभन्दा वैदेशिक रोजगारलाई नै निरन्तरता दिएर आफ्नो जीवन र परिवारको जीवनयापन राम्रोसँग सञ्चालन गर्नु नै उपयुक्त हुन्थ्यो भनेर उहाँले वैदेशिक रोजगारप्रति सकारात्मक धारणा व्यक्त गर्नुहुन्छ ।*

## ५.२ वैदेशिक रोजगारमा बिताएको अवधी

वैदेशिक रोजगारीको लागि मानिसहरू छुट्टाछुट्टै देशहरूमा जाने गर्दछन् । कामको प्रकृति, कम्पनीको मापदण्ड अनुसार वैदेशिक रोजगारीमा रहने अवधि, कामको प्रकृतिअनुसार उक्त कामबाट आउने तलबले सधैं प्रभाव पार्दछ । जुन कामबाट कामदारहरू सन्तुष्टि हुन्छन्, उनीहरूले यसलाई लामो समयसम्म निरन्तरता दिन्छन् जुन कामदारहरू कामबाट असन्तुष्ट हुन्छन् उनीहरू छोटो समयमा नै फर्कने गर्छन जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२: वैदेशिक रोजगारमा बिताएको अवधी**

| अवधि/वर्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २-३ | २३ | २१.२५ |
| ३-४ | २० | १९.०४ |
| ४-५ | १६ | १५.०३ |
| ५-६ | १७ | १६.१७ |
| ६-७ | १९ | १८.१९ |
| ७ भन्दा माथि | १० | ९.५२ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार वैदेशिक रोजगारमा गएको अवधि २-३ वर्ष भएको व्यक्तिको सङ्ख्या २३ जना २१.२५ प्रतिशत, ३-४ वर्ष भएको सङ्ख्या २० जना १९.०४ प्रतिशत, ४-५ वर्ष भएको सङ्ख्या १६ जना १५.०३ प्रतिशत, ५-६ वर्ष भएको सङ्ख्या १७ जना १६.१७ प्रतिशत, ६-७ वर्ष भएको सङ्ख्या १९ जना १८.१९ प्रतिशत र ७ वर्ष भन्दा माथिको सङ्ख्या १० जना ९.५२ प्रतिशत रहेको पाइयो । जसअन्तर्गत २-३ वर्ष गएको व्यक्तिको संख्या सबैभन्दा धेरै र ७ वर्ष भन्दा माथि गएको व्यक्तिको संख्या सबैभन्दा कम रहेको पाइयो ।

## ५.३ वैदेशिक रोजगारको लागि प्रयोग गरेको निकाय

गन्तव्य स्थानसँग सम्बन्धित केही आकर्षण गर्ने तत्वहरूले पनि श्रम बसाइसराई गर्न महत्वपूर्ण भूमिका गर्दछ । नेपालको ग्रामीण क्षेत्र वा जहाँ गरिबी र रोजगारको अवसर कम छ त्यहाँका मानिसहरू अन्तर्राष्ट्रिय देशहरू तिर आकर्षित भएका हुन्छन् । यसको लागि

कामदारहरूले विभिन्न संस्था निकाय वा अन्य पक्षसँग सम्पर्क गर्नुपर्दछ । यी निकाय संस्था वा अन्य पक्षको सहयोगबाट नै श्रमिकहरूले विभिन्न देशहरूमा गई रोजगारी पाउने गर्दछन् । यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारीको लागि प्रयोग गरेको निकायलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३: वैदेशिक रोजगारको लागि प्रयोग गरेको निकाय**

| निकाय | संख्या | प्रतिशत |
|---|---|---|
| वैदेशिक रोजगार संस्था | ९० | ८५.७ |
| व्यक्ति मार्फत | ३ | २.९ |
| वैदेशिक रोजगार संस्थामा आवद्ध व्यक्तिको चिनजान | १२ | ११.४ |
| **जम्मा** | **१०५** | **१००.००** |

स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारको लागि वैदेशिक रोजगार संस्था मार्फत जाने व्यक्तिको संख्या धेरै रहेको अध्ययनले जनाएको छ । जस अन्तर्गत ९० जना ८५.७ प्रतिशत रहेको छ । व्यक्तिमार्फत जाने संख्या ३ जना २.९ प्रतिशत रहेको चिनजान व्यक्तिका कारण जानेको संख्या १२ जना ११.४ प्रतिशत जसमा वैदेशिक रोजगार संस्थाबाट जानेको संख्या सबभन्दा बढी र व्यक्तिमार्फत जानेको संख्या सबभन्दा कम रहेको पाइयो ।

## ५.४ परिवारको सदस्य वैदेशिक रोजगारमा गएको देश

वैदेशिक रोजगारमा विशेष गरेर आर्थिक समस्या समाधानको लागि जाने गरिन्छ । स्वदेशमा अवसर प्राप्त गर्न नसक्नु र अवसर प्राप्त गरिहालेको खण्डमा आवश्यकिय खर्च गर्न नपुग्नु र राष्ट्रमा अराजक गतिविधि भएको बेला शान्तसँग रहनको लागि पनि वैदेशिक रोजगारमा आकर्षित भएको पाइन्छ । वैदेशिक रोजगारको लागि विभिन्न राष्ट्र जाने गरेको पाइन्छ । जुन तालिकामा देखाइएको छ ।

**तालिका ५.४: परिवारको सदस्य वैदेशिक रोजगारमा गएको देश**

| देश | संख्या | प्रतिशत |
|---|---|---|
| साउदी अरब | ३८ | ३६.२९ |
| कतार | ३२ | ३०.४७ |
| दुवई | २५ | २३.८० |
| बहराइन | ५ | ४.७६ |
| कुवेत | ५ | ४.७६ |
| जम्मा | १०५ | १०० |

स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार साउदी अरब जानेको संख्या ३८ जना ३६.२१ प्रतिशत, कतार जानेको संख्या ३२ जना (३०.४७) प्रतिशत रहेको छ भने दुवई जानेको संख्या २५ जना (२३.८०) प्रतिशत रहेको छ । त्यस्तै गरेर बहराइन र कुवेत जानेको संख्या क्रमशः ५,५ जना ४.७६ प्रतिशत रहेको छ । यस अध्ययन क्षेत्रका व्यक्तिहरू वैदेशिक रोजगारको लागि विभिन्न मुलुकहरूमा जाने गरेपनि साउदी अरब जानेको सङ्ख्या सबभन्दा बढी र कुवेत बहराइन जानेको संख्या सबैभन्दा कम रहेको पाइयो ।

## ५.५ वैदेशिक रोजगार जानुपूर्व आयमूलक कार्यमा संलग्नताको अवस्था

वैदेशिक रोजगारमा जानुपूर्व कतिपय व्यक्तिहरूले आफ्नै देशमा पनि आयमूलक कार्यमा संलग्न भएका हुन्छन् भने कतिपय व्यक्तिहरू खाली समय बिताइरहेका हुन्छन् जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.५: वैदेशिक रोजगार जानुपूर्व आयमूलक कार्यमा संलग्नताको अवस्था**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संलग्नता | ५५ | ५२.४ |
| असंलग्नता | ५० | ४७.६ |
| जम्मा | १०५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार वैदेशिक रोजगार जानुपूर्व आयमूलक कार्यमा असंलग्नताको तुलनामा संलग्नता भएका व्यक्तिको सङ्ख्या बढी रहेको पाइयो, जसमा संलग्नता रहने

व्यक्ति ५५ जना ५२.४ प्रतिशत र असंलग्नता रहने व्यक्तिको संख्या ५० जना ४७.६ प्रतिशत रहेको पाइयो ।

## ५.६ वैदेशिक रोजगारमा जानुपूर्व संलग्न भएको पेशा

मानिसहरूले जिविकोपार्जनको लागि कुनै न कुनै पेशा अपनाएका हुन्छन् जसअन्तर्गत कृषि, व्यवसाय र जागिर पेशा रहेका छन् जुन तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका ५.६: वैदेशिक रोजगारमा जानुपूर्व संलग्न भएको पेशा**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १९ | ३४.५ |
| व्यवसाय | १५ | २७.३ |
| जागिर | २१ | ३८.२ |
| जम्मा | ५५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा वैदेशिक रोजगारमा जाने व्यक्तिको संख्या १०५ जना मध्ये ५५ जना विदेशजानुपूर्व आयमूलक कार्यमा संलग्न थिए भने ५० जना व्यक्तिहरू असंलग्न भएको कारणले तालिकामा देखाइएको छैन । जसमा संलग्न व्यक्तिहरूको पेशाअनुसार क्रमश: कृषिमा १९ जना ३४.५ प्रतिशत, व्यवसायमा १५ जना २७.३ प्रतिशत र जागिरमा २१ जना ३८.२ प्रति रहेको पाइन्छ । जसअन्तर्गत कृषिमा सबैभन्दा बढी संलग्न व्यक्तिहरू रहेका छन् भने व्यवसायमा सबैभन्दा कम व्यक्तिहरू रहेको पाइयो ।

## ५.७ पेशामा आवद्धताका बावजुद पनि वैदेशिक रोजगारमा संलग्नता

राष्ट्रमा अवसरको प्राप्ति हुँदा पनि विभिन्न कारणवश वैदेशिक रोजगारमा संलग्नता भएको पाइन्छ । कतिपय राष्ट्रमा भएको थोरै तलबका कारण, कतिपय अराजक गतिविधिका कारण सुरक्षाको लागि र कतिपय लगानीमा नाफा नभएर मोटो रकम प्राप्तिको लागि जाने गरेको पाइन्छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.७: पेशामा आवद्धताका बावजुद पनि वैदेशिक रोजगारमा संलग्नता**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| लगानीमा कम मुनाफा | १५ | २७.३ |
| कृषिमा घाटा | १९ | ३४.५ |
| अवसर प्राप्तिमा थोरै तलब | २१ | ३८.२ |
| | ५५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाका अनुसार जागिरमा थोरै तलब पाएर विदेशिनेको संख्या २१ जना र ३८.२ प्रतिशत छ भने लगानीमा कम मुनाफा भएर विदेशिनेको संख्या १५ जना २७.२ प्रतिशत रहेको छ । त्यस्तै गरेर कृषि पेशामा घाटा सहनुका कारण विदेशिनेको संख्या १९ जना ३४.५ प्रतिशत रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने अवसर प्राप्तिमा थोरै तलब भएर जानेको संख्या सबभन्दा बढी र लगानीमा कम मुनाफा भएर जानेको संख्या सबभन्दा कम रहेको पाइयो ।

## वैयक्तिक अध्ययन २

## जमुना वि.क. (नाम परिवर्तन)

*संयुक्त परिवारमा रहेकी जमुना वि.क. वैदेशिक रोजगारमा संलग्न परिवारकी सदस्य हुनु हुन्छ । उहाँको परिवारमा सासु, दुई छोरा, एक छोरी श्रीमान र आफू गरी ६ जना सदस्य हुनुहुन्छ । उहाँको श्रीमान वैदेशिक रोजगारका लागि अरबमा जानुभएको छ । वैदेशिक रोजगारमा जानुअघि श्रीमान नेपालमा घरनिर्माण सम्बन्धी कार्य, हलो जोत्ने र आफू मेलापात जाने जस्ता कार्यमा संलग्न भएको कुरा बताउनुहुन्छ । उहाँहरूको जमिन नभएको कारण घरखर्च चलाउने माध्यम श्रीमानको कमाइमात्र भएको हुँदा घरखर्च चलाउन मुस्किल पर्थ्यो त्यसकारण वैदेशिक रोजगारमा गई मोटो रकम कमाएर घरपरिवारलाई आवश्यक खर्च जुटाउने उद्देश्यले ड्राइभिङ्गको तालिम लिएर वैदेशिक रोजगार संस्था मार्फत हाउस ड्राइभरको भिसामा साहुसँग ऋण लिएर अरब गएको कुरा बताउनुहुन्छ । उहाँको श्रीमानलाई अरब गएपछि तोकिएको काम र तोकिएको रकम नपाई अर्कै भेडा हेर्ने काम र कम तलब पाउनु भएको छ । यस्तो भ्रममा परेको कारणले हाम्रो परिवार झन दोहोरो मारमा पर्‍यो एकातिर घरपरिवारको सामन्य आम्दानी गरेर घरपरिवार चलाउनु भएको व्यक्ति पनि बाहिरिनु भयो भने अर्कोतिर साहुको ऋण पनि छदैछ जसले गर्दा आफ्नो परिवार झन तनाव परेको कुरा बताउनुहुन्छ । मेनपावर कम्पनीमा भनेको जस्तो काम र तोकिएको दाम नपाएको कुरा गर्दा केही समयको लागि हो अहिले त्यही काम गर पछि भनेकै काम र तलब मिल्छ भन्ने मात्र गर्छन् । तर अहिले सम्म भने मुताविक भएको छैन भनेर उहाँ बताउनुहुन्छ । सोचेजस्तो नहुँदा पनि उहाँले यो काम बाध्यतावश गरिरहनु भएको छ । यत्तिकै फर्केर आउँदा ऋण माथिको ऋण थुपारिने भयो, मेनपावरले लिएको रकम फिर्ता गर्दैन होला त्यसैले बाध्यतावस थोरै तलबमा भएपनि काम गरेर बस्न बाध्य हुनुभएको छ भनेर बताउनुहुन्छ । त्यसकारण वैदेशिक रोजगारप्रति उहाँ असन्तुष्ट रहनुभएको छ त्यसैले मोटो रकमको लोभलालचमा परेर विदेश जानुभन्दा आफ्नै घरपरिवारसँगै बसेर विदेशमा जाँदा लागेको ऋण स्वदेशमा नै लगानी गरेको भए त्यसैबाट राम्रो आम्दानी भई जीवनयापन गर्न सजिलो हुन्थ्यो होला भनेर आफ्नो तर्क व्यक्त गर्नुहुन्छ ।*

## ५.८ वैदेशिक रोजगारमा जानेको कामको प्रकृतिबारे जानकारी

वैदेशिक रोजगारमा जाँदा घरबाट टाढा या अर्को राष्ट्रमा जानुपर्ने र घर परिवारले विदेशमा के गरेछ नदेख्ने र उनीहरूले भनेको आधारमा कामको प्रकृतिबारे थाहा पाउँछन् । कतिपय परिवारले कामको बारेमा जानको हुन्छन् भने कतिपय परिवारले जानेका हुँदैनन् । जसमध्ये जानकारी भए नभएको बारे तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.८: वैदेशिक रोजगारमा गर्ने कामको प्रकृति बारेको जानकारी**

| जानकारी | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ७५ | ७१.४ |
| छैन | ३० | २८.६ |
| जम्मा | १०५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा संलग्न व्यक्तिले गरेको कामको बारेमाजानकारी हुने ७५ जना (७१.४) प्रतिशत रहेको र जानकारी नभएका ३० जना (२८.६) प्रतिशत रहेको अध्ययनले जनाएको छ जसमा वैदेशिक रोजगारमा गएका व्यक्तिको कामको बारेमा घरपरिवारलाई जानकारी छ भन्नेको सङ्ख्या जानकारी छैन भन्नेको संख्या बढी पाइयो र छैन भन्नेले विदेश गएका व्यक्तिहरू प्रति पनि चासो नदेखाएका हुन कि भन्ने अनुमान गरियो ।

## ५.९ परिवारको सदस्य वैदेशिक रोजगारमा गएको पटक

वैदेशिक रोजगारमा संलग्न सदस्य कतिपय आउने जाने क्रमलाई निरन्तरता दिएका छन् भने कतिपय जाने आउने र फेरि केही समय यहाँ बस्ने फेरि अर्को देश जाने प्रवृत्ति बढ्दो छ । कोही एउटै देशमा धेरैपटक गएका छन् भने कोही पहिलो पटक जाने गरेका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९: परिवारको सदस्य वैदेशिक रोजगारमा गएको पटक**

| गएको पटक | संख्या | प्रतिशत |
|---|---|---|
| पहिलो पटक | २९ | २७.६ |
| धेरै पटक | ७६ | ७२.४ |
| जम्मा | १०५ | १००.०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाका अनुसार वैदेशिक रोजगारमा पहिलो पटक जानेको संख्या सबभन्दा कम रहेको छ भने वैदेशिक रोजगारमा धेरै पटक आउने जाने क्रमलाई निरन्तरता दिनेको संख्या सबभन्दा बढी रहेको अध्ययनले जनाएको छ। जस अन्तर्गत ७६ जना (७२.४) प्रतिशत धेरै पटक आउने जाने गरेको र २९ जना (२७.६) प्रतिशत पहिलो पटक गएको अध्ययनले जनाएको छ।

## ५.१० वैदेशिक रोजगारमा जानको लागि प्रेरक तत्व

वैदेशिक रोजगारले विश्वव्यापी रुपमा नै आर्थिक कुरालाई केन्द्रित गर्दछ। विकासमा अगाडी बढ्न र गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउन वैदेशिक रोजगारले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। हालसालैका वर्षहरूमा वैदेशिक रोजगारमा जाने प्रवृत्ति दिनानुदिन बढीरहेको छ। नेपालको ग्रामीण क्षेत्र जहाँ गरिबी र रोजगरीका अवसर कम छन्। अर्न्तराष्ट्रिय बजारमा श्रमिकहरूको माग दिनानुदिन बढीरहेको कारणले कामदारको माग पनि दिनप्रतिदिन बढीरहेको छ देशका युवाहरू आफ्नो कमजोर आर्थिक अवस्थाका कारण विभिन्न देशहरूमा रोजगारीका लागि जाने गर्दछन्। त्यसको लागि कोही आफै स्वइच्छाले, कोही घरपरिवारको दवाव र कसैलाई नातेदारको कारणले पनि विदेश जान प्रेरित हुन्छन् जसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ५.१०: वैदेशिक रोजगारको लागि प्रेरक तत्व**

| प्रेरक तत्व | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ६३ | ६०.० |
| परिवार | ६ | ५.७ |
| साथी | ३१ | २९.५ |
| नातेदार | ५ | ४.८ |
| जम्मा | १०५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा प्रेरक तत्व आफै भन्ने सबभन्दा बढी रहेको छ भने परिवार र नातेदार भन्ने सबभन्दा कम रहेको छ । आफै भन्नेमा ६३ जना (६०) प्रतिशत परिवार नातेदारमा क्रमश ६ र ५ जना (५.७ र ४.८) प्रतिशत रहेको छ भने साथीबाट अभिप्रेरित भएर भन्नेमा ३१ जना २९.५ प्रतिशत यसबाट के बुझ्न सकिन्छ भने सबभन्दा बढी स्वच्छाले जानेको संख्या बढी देखियो भने नातेदारको प्रेरणाबाट जानेको संख्या सबभन्दा कम रहेको पाइयो ।

## ५.११ वैदेशिक रोजगारमा जाादा लागेको लगानी

वैदेशिक रोजगारमा जाँदा विभिन्न निकायबाट गएका कारण लगानीमा पनि धेरै थोरै तलमाथि रहन्छ । वैदेशिक रोजगार संस्था मार्फत जाँदा नातेदारी र साथी मार्फत जाने भन्दा कम लगानी लाग्न पनि सक्छ र कहिलेकाही नातेदारी साथी मार्फत जाँदा आफन्तकोमा भनेर सम्बन्धित व्यक्तिले कम नाफामा पनि पठाउन सक्छ । वैदेशिक रोजगारमा कार्यको प्रकृति हेरी फरक फरक लगानी लाग्न सक्छ तसर्थ यस अध्ययन क्षेत्रका व्यक्तिहरूले पनि विभिन्न राष्ट्रहरूमा जानको लागि छुट्टाछुट्टै लगानी गरेको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.११: वैदेशिक रोजगारमा जाँदा लागेको लगानी**

| लगानी रु. | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ७०,००० - ८०,००० | ४३ | ४०.९५ |
| ८०,०००-९०,००० | ३८ | ३६.१९ |
| ९०,०००-१,००,००० | २१ | २० |
| १,००,००० भन्दा माथि | ३ | २.८ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा जादा लागेको लगानी मध्ये रु. ७०,०००-८०,००० सम्मको लगानी गरेर जानेको संख्या ४३ जना ४९.९५ प्रतिशत, ८००००-९०००० सम्मको लगानी गरेर जानेको संख्या ३८ जना ३६.१९ प्रतिशत रहेको, ९०,०००-१,००,००० सम्मको लगानी गरेर जानेको संख्या २१ जना २० प्रतिशत रहेको र १००००० भन्दा माथि लगानी गरेर जानेको संख्या ३ जना २.८ प्रतिशत रहेको पाइयो । जसमा ७००००-८०००० सम्म लगानी गरेर जानेको संख्या सबैभन्दा बढी रहेको पाइयो भने १००००० भन्दा बढी लगानी गरेर जानेको संख्या सबैभन्दा कम रहेको पाइयो ।

## ५.१२ वैदेशिक रोजगारमा गरेको लगानीको स्रोत

कुनै पनि कार्य गर्नको लागि लगानीको आवश्यकता पर्छ । जसअन्तर्गत वैदेशिक रोजगारमा जाँदा पनि आर्थिक लगानी गर्नुपर्ने हुन्छ त्यसको लागि विभिन्न श्रमिकहरूले विभिन्न स्रोतहरूबाट रकम जुटाइ विदेश जान्छन् किनभने सबै श्रमिकहरूको आर्थिक अवस्था एकै किसिमको नभएकोले उनीहरूले विभिन्न स्रोतलाई माध्यम बनाउन परेको हुन्छ । यस अध्ययन क्षेत्रमा पनि वैदेशिक रोजगारमा जानको लागि गरिएको लगानीको स्रोतलाई तलको तालिकांमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२: वैदेशिक रोजगारमा गरेको लगानीको स्रोत**

| स्रोत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बैंकबाट ऋण लिएर | ६६ | ६२.९ |
| व्यक्तिबाट ऋण लिएर | १३ | १२.०४ |
| आफ्नै बचतबाट | २६ | २४.०८ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार वैदेशिक रोजगारमा जाँदा बैंकबाट ऋण लिएर जानेको संख्या ६६ जना ६२.९ प्रतिशत, व्यक्तिबाट ऋण लिएर जानेको संख्या १३ जना १२.०४ प्रतिशत र आफ्नै बचतबाट जानेको संख्या २६ जना २४.०८ प्रतिशत रहेको छ, जसमा बैंकबाट ऋण लिएर जानेको संख्या सबभन्दा बढी र व्यक्तिबाट ऋण लिएर जानेको संख्या सबैभन्दा कम रहेको अध्ययनले देखाइएको छ ।

## ५.१३ वैदेशिक रोजगारबाहेक अन्य आम्दानीको स्रोत भए नभएको अवस्था

समाजमा वैदेशिक रोजगारबाहेक अन्य आम्दानीको स्रोत पनि रहेको हुन्छ, जसमा कतिपय घरपरिवारमा अन्य आम्दानीका स्रोत रहेको छन् भने कतिपयमा अन्य आम्दानीको स्रोत नभई घरको काममा नै व्यस्त रहेको पाइन्छ, जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.१३: वैदेशिक रोजगारबाहेक अन्य आम्दानीको स्रोत भए नभएको अवस्था**

| स्रोतको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १०० | ९५.२ |
| छैन | ५ | ४.८ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार घरपरिवारमा वैदेशिक रोजगारबाहेक अन्य आम्दानीको स्रोत छ भन्नेमा १०० जना ९५.२ प्रतिशत र छैन भन्नेमा ५ जना ४.८ प्रतिशत रहेको पाइयो ।

### ५.१४  वैदेशिक रोजगार बाहेक घरपरिवार अन्य आम्दानीको स्रोत

वर्तमान समयमा वैदेशिक रोजगार आर्थिक स्थिति मजबूत गर्ने एउटा बलियो माध्यम बनेको छ । कतिपय परिवारमा कृषि, व्यापार व्यवसाय पनि गरेको पाइन्छ भने कतिपय परिवारमा जागिरे गरेको पाइन्छ तर कतिपय घरधन्दामा नै सिमित रहेको पाइन्छ ।

**तालिका ५.१४: वैदेशिक रोजगार बाहेक आम्दानीका अन्य स्रोतहरू**

| स्रोतको नाम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ६७ | ६७ |
| व्यवसाय | १९ | १९ |
| जागिर | १४ | १४ |
| जम्मा | १०० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार वैदेशिक रोजगार बाहेक आम्दानीका अन्यं स्रोतहरू अन्तर्गत कृषि पेशामा ६७ प्रतिशत, व्यवसाय पेशामा १९ प्रतिशत र जागिरमा १४  प्रतिशत उत्तरदाताहरू सिमित रहेका छन् । जसअन्तर्गत कृषिलाई आम्दानीको स्रोत मान्नेको संख्या सबैभन्दा बढी र जागिरलाई आम्दानीको स्रोत मान्नेको संख्या सबैभन्दा कम रहेको पाइयो । जसमा १०५ जना उत्तरदातामध्ये ५ जनाको आम्दानीको स्रोत वैदेशिक रोजगार बाहेक अन्य केही नरहेको पाइयो ।

### ५.१५  वैदेशिक रोजगारप्रति घरपरिवारको धारणा

वैदेशिक रोजगार आर्थिक संकलन गर्ने बलियो माध्यम बनेको छ । वैदेशिक रोजगारका कारण देशभित्र रहनेले पनि केही संस्था मार्फत कार्य गर्ने अवसर प्राप्त भएको छ यस अधययन क्षेत्रमा पनि वैदेशिक रोजगारीमा जाँदा विदेशमा जाने व्यक्तिको समयको सदुपयोगको साथै सिप सिक्ने अवसर प्राप्त गर्नु र आर्थिक संकलन पनि हुन पुगेको देखिन्छ । आफ्ना प्रगति भएको हुँदा त्यस्ता घरपरिवार सन्तुष्ट र कतिपय घर परिवारमा वैदेशिक रोजगारबाट सोचेजस्तो आम्दानी नहुँने र आफ्नो घरपरिवारबाट पनि टाढा छुट्टिएर मात्र बस्नुपर्दाछ त्यस्ता घरपरिवार अलि असन्तुष्ट रहेको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.१५: वैदेशिक रोजगारप्रति घरपरिवारको धारणा**

| घरपरिवारको धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्ट | ८९ | ८४.३ |
| असन्तुष्ट | १६ | १५.७ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाका अनुसार वैदेशिक रोजगारप्रति घरपरिवारहरू सन्तुष्ट रहेका छन् भने कम मात्रामा असन्तुष्ट रहेको पाइन्छ । जसमध्ये ८९ जना ८४.३ प्रतिशत सन्तुष्ट र १६ जना १५.७ प्रतिशत असन्तुष्ट रहेका छन् ।

## वैयक्तिक अध्ययन ३

## कमला गुरुङ (नाम परिवर्तन)

*गुरुङ्ग वैदेशिक रोजगारमा संलग्न परिवारकी एक सदस्य हुनुहुन्छ । उहाँको परिवारम एक छोरा, एक छोरी, श्रीमान र आफू गरी चार सदस्य भएको कुरा बताउनुहुन्छ । हाल उहाँको श्रीमान वैदेशिक रोजगारका लागि दुवईमा संलग्न हुनुहुन्छ र श्रीमान १० वर्ष अघि वैदेशिक रोजगार संस्था मार्फत जानु भएको कुरा बताउनुहुन्छ । उहाँको श्रीमानको विदेश जानु अघि नेपालमा खासै  आम्दानीको स्रोत केही पनि थिएन त्यसैकारणले नेपालमा यत्तिकै खाली बेरोजगार भएर बस्नुभन्दा बरु वैदेशिक रोजगारीको लागि दुवइमा जान्छु भनेर आफैले निर्णय गर्नुभयो र त्यतिबेला ससुरा पनि भएको कारणले हामीहरूलाई वैदेशिक रोजगारमा जाने लगानीको बारेमा भने खासै अप्ठ्यारो परेन । ससुराले नै पैसाको जोरजाम गरिदिनुभयो भन्ने कुरा बताउनुहुन्छ ।*
*उहाको श्रीमान सुरुमा होटलमा वेटर काम गर्न भनेर वेटर भिसामा जानुभएको र केही समय होटलमा काम गरेपछि दुवईमा नै ड्राइभिङ्ग सिकेर त्यही नै ड्राइभरको काम गर्न सुरु  गरेको कुरा बताउनुहुन्छ । उहाँको श्रीमानले सुरु सुरुमा त कम तलबमा नै काम गरेको र पछि तलबमा वृद्धि भई अहिले भने ९०००० हजार मासिक आम्दानी हुने गर्छ र त्यो आम्दानीलाई वित्तिय संस्थामार्फत पठाउने गरेको कुरा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ पहिला हाम्रो सामान्य किसिमको घर थियो तर अहिले श्रीमानले पठाएको आम्दानीबाट त्यस घरलाई भत्काएर ढलान घर बनाएका छौं । पहिला पहिला घरखर्च चलाउन पनि अलि गाह्रो हुन्थ्यो तर अहिले सजिलै सँग चलाउन पाइएको छ । उहाँ गुरुङ्ग जाति भएको कारणले रितिरिवाज बढी हुने हुँदा बढी खर्च हुने गर्छन् त्यसमा खर्च गर्न सजिलो भएको साथै घरमा आवश्यक भौतिक सामग्रीहरू पनि जुटाएको बताउनुहुन्छ । उहाँले अहिले आफूलाई पनि खासै दुःख गर्न नपरेको र छोराछोरीलाई खानपानदेखि आवश्यक सामग्री जुटाउन र नीजि स्कुलमा पढाउन सजिलो भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ श्रीमानले पठाएको रकमबाट ५०-६० प्रतिशत जति बचत हुन्छ र बचत हुँदै आएको रकमबाट सानो घडेरी पनि किनेका छौं र अलि अलि बैंक व्यालेन्स पनि गरेका छौं भनेर बताउनुहुन्छ ।*

*अन्त्यमा उहाँले आफ्ना आवश्यकताहरू पुरा गरेर यति प्रगति गर्न पाउँदा वैदेशिक रोजगारप्रति खुशी र सन्तुष्ट रहेको र आफ्नो श्रीमानले वैदेशिक रोजगारलाई नै निरन्तरता दिए हुन्थ्यो भनेर आफ्नो धारणा व्यक्त गर्नुहुन्छ ।*

# अध्याय छ

# घरपरिवारमा वैदेशिक रोजगारको प्रभाव

वैदेशिक रोजगार अहिले विकासोन्मुख राष्ट्रको लागि वा अर्थतन्त्रको लागि मेरुदण्ड बनेको छ । देशभित्र थप रोजगारीका अवसरहरू सृजना हुने कार्य प्राय: बन्द भएकोले अहिले देशको दक्ष र दक्ष नभएका सबै प्रकारको जनशक्ति देशबाट पलायन भइरहेको छ । त्यस्तै गरेर राष्ट्रमा बेलाबेलामा हुने गरेका विभिन्न आतंक र अराजक गतिविधिबाट कतिपय क्षेत्रहरू नै वा गाउँहरू नै रित्तिने क्रम जारी रहेको छ जसले गर्दा वैदेशिक रोजगारमा जान बाध्य भएका छन् । राष्ट्रमा पाएको अवसरले घर चलाउन नसक्ने प्रवृत्तिका कारण र खर्चिएको लगनशिलता र समयले उचित किसिमको आम्दानी हुन नसक्दा वैदेशिक रोजगारप्रति आकर्षण बढेको छ । स्वदेशमा रोजगारीको उपयुक्त वातावरण नहुनु र देशको अर्थतन्त्रले आम नागरिकलाई धान्न नसक्दा त्यसको विकल्पको रूपमा आत्मनिर्भरताको लागि विदेशी भूमिमा रोजगारीमा जाने गरेको पाइन्छ ।

## ६.१ वैदेशिक रोजगारीबाट मासिक आम्दानी

वैदेशिक रोजगारमा आवद्ध व्यक्तिले प्राप्त गर्ने आम्दानी कामको प्रकृति र लगानी हेरेर फरक फरक हुन्छ । आम्दानी पनि काम गर्ने समयको आधारमा, काम गर्ने पदको आधारमा, काम गर्ने क्षेत्र र कम्पनीको आधारमा अलग किसिमको तलब रहेको हुन्छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.१: वैदेशिक रोजगारीबाट मासिक आम्दानी**

| मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३0000–४0000 | १३ | १२.४ |
| ४0000–५0000 | ४८ | ४५.७ |
| ५0000–६0000 | १९ | १८.१ |
| ६0000 भन्दा माथि | २५ | २३.८ |
| जम्मा | १0५ | १00.00 |

स्रोत : स्थलगत सर्वेक्षण, २0७३

माथिकाको तालिका ५.१ का अनुसार वैदेशिक रोजगारीबाट रोजगारमा संलग्न व्यक्तिको मासिक आम्दानीमध्ये ४0,000 देखि ५0000 सम्म कमाउनेको संख्या सबभन्दा धेरै र

३०००० देखि ४०००० सम्म कमाउनेको संख्या सबभन्दा कम रहेको छ । जसमध्ये ४०,००० देखि ५०००० सम्म आम्दानी हुनेको संख्या ४८ जना ४५.७ प्रतिशत रहेको छ भने सबभन्दा कम ३०००० देखि ४०००० सम्मको संख्या १३ जना १२.४ प्रतिशत रहेको छ । त्यस्तै गरेर ५०,००० देखि ६०,००० सम्मको संख्या १९ जना १८.१ प्रतिशत र ६०००० भन्दा माथिको संख्या २५ जना र २३.८ प्रतिशत रहेको छ

### ६.२ विदेशबाट रकम पठाउने माध्यम

वैदेशिक रोजगारमा संलग्न रहदा घरपरिवारको लागि आफ्नो आम्दानी विभिन्न माध्यमबाट पठाउने गरेको पाइन्छ । शुरुवातको समयमा वित्तिय संस्थाका सुविधा नहुँदा साथीभाइ मार्फत पठाउने गरिन्थ्यो भने आजभोलि आफै आउँदा पनि असुरक्षाको डरले वित्तिय संस्था मार्फत पठाउने प्रचलन आएको छ । कतिपयले कहिले काही साथीभाइ र कहिलेकाही वित्तिय संस्था मार्फत पठाउने गरेको पाइन्छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.२: विदेशबाट रकम पठाउने माध्यम**

| माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वित्तिय संस्था | ९५ | ९०.५ |
| वित्तिय + साथीभाई | १० | ९.५ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार विदेशमा कमाएको रकम वित्तिय संस्था मार्फत घर परिवारमा पठाउनेको संख्या सबभन्दा धेरै रहेको छ । जसअन्तर्गत वित्तिय संस्था मार्फत पठाउनेको संख्या ९५ जना ९०.५ प्रतिशत र  वित्तिय र साथीभाईबाट पठाउनेको संख्या १० जना ९.५ प्रतिशत रहेको छ ।

### ६.३ वैदेशिक रोजगारमा जानुअघि ऋणको स्थिति

नेपालमा अवसरको कमी हुनु र कम तलबमा काम गर्नुपर्ने, कतिपय अवस्थामा बेरोजगार बस्नुपर्ने र गरिएको लगानीमा कम मुनाफा वा घाटा व्यहोर्नु पर्ने स्थितिले गर्दा जिविकोपार्जनको लागि ऋण लिनुपर्ने अवस्था सृजना भएको हुन्छ । कतिपय अवस्थामा घरपरिवारको स्वास्थ्य उपचार गर्नको लागि, शैक्षिक क्षेत्रको लागि र वैवाहिक कार्यको लागि

पनि ऋण लिनुपर्ने स्थिति सृजना भएको हुन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३: वैदेशिक रोजगारमा जानुअघि ऋणको स्थिति**

| ऋणको स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण थियो | ६७ | ६३.८ |
| ऋण थिएन | ३८ | ३६.२ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा जानुअघि ऋण लिनेको संख्या नलिनेको तुलनामा धेरै रहेको छ ऋण लिनेको संख्या ६७ जना ६३.८ प्रतिशत र ऋण नलिनेको संख्या ३८ जना ३६.२ प्रतिशत रहेको छ ।

## ६.४ वैदेशिक रोजगारपछि ऋणको स्थिति

स्वदेशमा अवसर प्राप्त गर्न नसकेर वा अवसर प्राप्त गर्दा पनि जिविकोपार्जन लगायत दैनिक आवश्यकता परिपूर्ति गर्न समस्या परेर कतिपय युवाहरू वैदेशिक रोजगार प्रति आकर्षित भएको पाइन्छ । कतिपय ऋण लिएर त कतिपय जग्गा जमिन बेचेर पनि विदेशिएको अवस्था छ जसमा बढी कमाइ हुनेहरूले आफ्नो ऋण तिरीसकेका हुन्छन् भने कम कमाइ हुनेहरूको अझै ऋण तिर्न बाँकी रहेको हुन्छ यस अधययन क्षेत्रमा पनि ऋण तिर्न बाँकी र तिरी सकेको घरपरिवारको संख्यालाई तलको तालिकामा देखाईको छ ।

**तालिका ६.४: वैदेशिक रोजगारपछि ऋणको स्थिति**

| ऋणको स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तिर्न बाँकी | ७ | १०.४ |
| तिरी सके | ६० | ८९.६ |
| जम्मा | ६७ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगार पछि ऋण तिर्न बाँकी रहेका संख्या कम र तिरी सके भन्ने उत्तरदाताको संख्या बढी रहेको पाइयो जसमध्ये ऋण तिर्न बाँकी ७ जना १०.४ प्रतिशत र ऋण तिरी सके भन्नेमा ७ जना १०.४ प्रतिशत रहेका छन् । जम्मा उत्तरदाता १०५ मध्ये ३८ जनाको ऋण नै नभएको अवस्था पाइयो त्यसैले तालिकामा ६७ जना उत्तरदाताको संख्या पाइयो ।

## ६.५ वैदेशिक रोजगारमा जानु अघि छोराछोरीको विद्यालय

वैदेशिक रोजगारमा जानुअघि छोराछोरीको विद्यालयको अवस्थाको बारेमा कुरा गर्दा यस अध्ययन क्षेत्रमा आ-आफ्नो क्षमता अनुसार कतिपयका छोराछोरी सरकारी, कतिपयका निजी, कतिपयका छोराछोरी नै नभएर पढ्दै नपढेको पनि पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.५: वैदेशिक रोजगारमा जानुअघि छोराछोरीको विद्यालय**

| विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ७१ | ६७.६ |
| निजी | २७ | २५.७ |
| विद्यालय नजाने | ७ | ६.७ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा जानु अघि छोराछोरी सरकारी विद्यालयमा पढ्नेको संख्या ७१ जना ६७.६ प्रतिशत रहेको छ भने निजी विद्यालयमा पढ्नेको संख्या २७ जना २५.७ प्रतिशत रहेको छ । र विद्यालय नजानेको संख्या ७ जना ६.७ प्रतिशत रहेको छ, जसमा सरकारी विद्यालयमा जानेका संख्या सबैभन्दा बढी रहेको र विद्यालय नै नजानेको संख्या सबैभन्दा कम रहेको छ ।

## ६.६ वैदेशिक रोजगारमा गइसकेपछि छोराछोरीको विद्यालय

वैदेशिक रोजगारमा विदेशिएका अधिकांश परिवारको आधारभूत आवश्यकता र छोराछोरीको पढाईमा परिवर्तन गरेको पाइएको छ । वैदेशिक रोजगारमा जानु अघि सरकारी विद्यालयमा पढाउने छोराछोरी वैदेशिक रोजगारमा संलग्न भएपछि निजी विद्यालयमा छोराछोरी पढाउन

थालेको पाइएको छ । घर परिवारबाट पनि छोराछोरीलाई पढाउनमा बढी उत्सुकता जगाएको र पढाईमा समय दिन जोड दिएको पाइयो यसलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका ६.६: वैदेशिक रोजगारमा गइसकेपछि छोराछोरीको विद्यालय**

| विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ८ | ७.६ |
| निजी | ९० | ८५.७ |
| स्कूल नजाने | ७ | ६.७ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारमा गएपछि छोराछोरी सरकारी विद्यालयमा पढ्नेको संख्या ८ जना ७.६ प्रतिशत रहेको छ भने निजी विद्यालयमा पढ्नेको संख्या ९० जना ८५.७ प्रतिशत रहेको छ र विद्यालय नजानेको संख्या ७ जना ६.७ प्रतिशत रहेको छ, जसमा नीजि विद्यालयमा जानेको संख्या सबैभन्दा बढी रहेको र विद्यालय नै नजानेको संख्या सबैभन्दा कम रहेको छ । यसबाट के पुष्टि हुन्छ भने विदेश जानुअघि भन्दा विदेश गइसकेपछि निजी विद्यालयमा पढ्नेको सङ्ख्या पढेको छ जसलाई आर्थिक अवस्थाम आएको सुधार मान्न सकिन्छ ।

## ६.७ विदेशबाट रकम पठाउने अवधी

विदेशबाट रकम पठाउने व्यक्तिको आ-आफ्नो समय र तरिका रहेको हुन्छ । कतिपय व्यक्तिहरूले समूह बनाएर पालैपालो धेरै रकम घर परिवारमा पठाउने गर्छन् भने कतिपय तलब बुझ्ना साथ पठाउने गर्छन् जसअन्तर्गत पालैपालो समूहमा पठाउनेको रकम धेरै समयको अन्तरमा आउने गर्छ भने आफ्नो तलब मात्रै बुझेर पठाउनेको कम रकम तर समय छिटो हुने गर्छ । तसर्थ कसैले छिटो छिटो रकम पठाउँछन् भने कसैले अलि समयको अन्तरमा रकम पठाउने गर्छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.७ : विदेशबाट रकम पठाउने अवधि**

| अवधि /महिना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ महिना | ३१ | २९.५ |
| २ महिना | ४९ | ४६.७ |
| २ महिना भन्दा बढी | २५ | २३.८ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले १ महिनामा रकम पठाउनेको संख्या ३१ जना जसमा २९.५ प्रतिशतले घरपरिवारको लागि पठाउने गर्छन् भने २ महिनामा पठाउनेको संख्या ४९ जना ४६.७ प्रतिशतले र २ महिनाभन्दा बढीमा समयमा रकम पठाउनेको संख्या २५ जना २३.८ प्रतिशत रहेको छ जसमा १ महिनामा पठाउनेको संख्या सबैभन्दा बढी २ महिना भन्दा बढी समयमा पठाउनेको संख्या सबैभन्दा कम रहेको अध्ययनले देखाएको छ ।

## ६.८ वैदेशिक रोजगारबाट आएको आम्दानी बचत भए नभएको अवस्था

वैदेशिक रोजगारमा संलग्न व्यक्ति गएको समय र आम्दानी कम भएमा बचत नहुने साथै भर्खर-भर्खर विदेश गएको र कहिलेकाही राम्रोसँग जानकारी नलिएर दलालको कारण समस्यामा परेको व्यक्ति देखिन्छ भने आम्दानी बढी र गएको समय पनि बढी भएको अवस्थामा बचत भएको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिम ६.८ : वैदेशिक रोजगारबाट आएको आम्दानी बचत भए नभएको अवस्था**

| बचत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ९९ | ९४.३ |
| छैन | ६ | ५.७ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाबाट पुष्टी हुन्छ कि वैदेशिक रोजगारबाट आएको आम्दानी बचत गर्नेको संख्या ९९ जना ९४.३ प्रतिशत र बचत नगर्ने ६ जना ५.७ प्रतिशत रहेको छ । जसमा बचत नगर्नेको संख्या भन्दा गर्नेको संख्या बढी रहेको छ ।

## वैयक्तिक अध्ययन ४

## हरिमाया क्षेत्री (नाम परिवर्तन)

*संयुक्त परिवारमा रहनुभएको हरिमाया क्षेत्री वैदेशिक रोजगारमा संलग्न परिवारकी एक सदस्य हुनुहुन्छ । उहाँको पाँच जना सदस्यको परिवार छ ।  जसमा आफू छोरा, बुहारी र दुई नाति रहेका छन् । तर अहिले भने परिवारमा चार जना मात्र भएको बताउनुहुन्छ किनभने बुहारीले घर छाडेर गइसकेकी छन् वैदेशिक रोजगारको लागि उहाँको छोरा कतारमा गएको चार वर्ष भयो । उहाँको छोरा वैदेशिक रोजगारमा जाँदा वैदेशिक रोजगार संस्थामार्फत कुकको काम गर्नको लागि कुक भिषामा गएका थिए र विच विचमा विदामा आउने जाने पनि गरेका छन् । उहाँको परिवारमा पहिला छोराको  खासै आम्दानीको स्रोत नभएको र आम्दानीको स्रोत मध्ये खेतीपाती मात्र भएको हुँदा त्यतिले मात्र जीवनयापन गर्न अलि समस्या देखिएको हुँदा छोरा वैदेशिक रोजगारमा संलग्न भएको बताउनुहुन्छ । उहाँको छोरा वैदेशिक रोजगारमा गएपछि विदेशमा कमाएको आम्दानी वैदेशिक रोजगार संस्थामार्फत पठाउन थाले र रकम पठाउँदा आफुअलि आर्थिक कारोवार गर्न नजान्ने हुँदा बुहारीको नाममा आउने गर्थ्यौं भनेर उहाँ बताउनुहुन्छ । विदेशबाट पैसा आउन थालेपछि आफ्नो घरमा घर खर्च गर्न र बालबच्चा पढाउन सजिलो हुन थाल्यो सुरुसुरुमा त बुहारीले पनि राम्रै व्यवहार देखाइन आएको आम्दानीबाट मलाई पनि पकेटखर्च गर्न दिने घरमा पनि आवश्यक सामग्री जुटाउने र बालबच्चाको पनि राम्रो नै हेरविचार भइरहेको थियो । छोरा बुहारी बीचपनि राम्रै सम्बन्ध थियो  तर पछि पछि भने अलि बुहारीको व्यवहारमा अलि परिवर्तन देखा पर्न थालेको कुरा बताउनु हुन्छ । उहाँको छोरा विदेशमा थिए तर बुहारी यता काम छ भनेर घर व्यवहारमा भन्दा बढी बाहिरतिर हिड्ने घरमा पनि ढिलो आउने छोराछोरीको पनि त्यति राम्रो स्याहारसुसार हुन छाड्यो र श्रीमानसँग बोल्दा पनि राम्रोसँग नबोल्ने जस्ता व्यवहार देखिन थाल्यो त्यसैले गर्दा हाम्रो घरमा मनमुटाव हुन थाल्यो र छोरा विदेशमा भएको बेला घर बालबच्चा नै छाडेर छोराले पठाएको बचत रकम लिएर अर्को कुनै व्यक्तिसँग विवाह गरेर हिडी भनेर आफ्नो गुनासो व्यक्त गर्नुहुन्छ । जसले गर्दा उहाँलाई वैदेशिक रोजगार प्रति नकारात्मक धारणा पैदा भएको छ । अन्त्यमा छोरा वैदेशिक रोजगार नगएको भएर छोरा बुहारीसँगै भएर स्वदेशमा नै केही काम गरेको भए अहिले हाम्रो परिवारमा यस्तो अवस्था आउने थिएन होला भनेर उहाँले आफ्नो धारणा व्यक्त गर्नुहुन्छ ।*

## ६.९ वैदेशिक रोजगारबाट आएको रकमको बचत प्रतिशत

वैदेशिक रोजगारमा राम्रो तलब सुविधा भएको र लामो अवधिसम्म जाने आउने निरन्तरता पाएको व्यक्तिको घरपरिवारमा धेरै बचत गर्न सफल भएको देखिन्छ भने कम तलब हुनेहरूको लागि कम रकम बचत भएको पाइन्छ । त्यस्तै गरेर राम्रो कम्पनीमा परेको र सिप सिकेर विदेशमा गएको व्यक्तिहरूले पनि राम्रोसँग दैनिक आवश्यकता पूरा गरी बचत गर्न सफल भएको यस अध्ययनले देखाएको छ जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ६.९ : वैदेशिक रोजगारबाट आएको रकमको बचत प्रतिशत**

| बचतको प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २५ प्रतिशत | २९ | २९.३ |
| २५-५० प्रतिशत | ४३ | ४३.४ |
| ५०-७५ प्रतिशत | २७ | २७.३ |
| जम्मा | ९९ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार वैदेशिक रोजगारमा होमिएको व्यक्तिहरूले केही मात्रामा बचत गरेको देखिएको छ । जसअन्तर्गत २५ प्रतिशत बचत गर्नेको संख्या २९ जना २९.३ प्रतिशत रहेको छ भने २५ देखि ५० प्रतिशत बचत गर्नेको संख्या ४३ जना ४३.४ प्रतिशत र ५० देखि ७५ प्रतिशत सम्म बचत गर्नेको संख्या २७ जना २७.३ प्रतिशत अध्ययनले जनाएको छ । जसअन्तर्गत २५-५० प्रतिशत बचत गर्नेको संख्या सबैभन्दा बढी र ५०-७५ प्रतिशत सम्म बचत गर्नेको संख्या सबैभन्दा कम रहको पाइयो । अध्ययनका अनुसार १०५ जना उत्तरदातामध्ये ६ जना को घरपरिवारमा बचत नै नरहेकोले ९९ जना उत्तरदातालाई तालिका देखाइएको छ ।

## ६.१० बचत रकम लगानी गरेको क्षेत्र

वैदेशिक रोजगारमा संलग्न व्यक्तिको घर परिवारले आफ्नो दैनिक आवश्यकता पूरा गरेर बाकी रहेको रकम बचत गरी रकम धेरै भएपछि लगानी गरी त्यसैलाई आफ्नो पेशा बनाएर बस्ने गरेको पाइन्छ । जसअन्तर्गत कतिपयले घरजग्गा किनेका छन् भने कतिपयले व्याजमा लगाएर केही मात्रामा थप बचत गर्ने अवसरको सृजना गरेको कुरा अध्ययनले देखाएको छ ।

**तालिका ६.१०: बचत रकम लगानी गरेको क्षेत्र**

| लगानी क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जग्गा किन्न | २० | २०.२० |
| घर बनाउन | ३२ | ३२.३२ |
| बैंकमा बचत गर्न | ३७ | ३७.३७ |
| व्यापार गर्न | १० | १०.१० |
| जम्मा | ९९ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाबाट पुष्टी हुन्छ कि बचत रकम विभिन्न क्षेत्रमा लगानी गरिएको छ । कतिपय जग्गा किन्ने, घर बनाउने, बैंकमा बचत गरेर राख्ने र व्यापार गर्ने गरेको अध्ययनले देखाएको छ । वैदेशिक रोजगारमा गइसकेपछि त्यहाँको आम्दानीबाट गरिएको बचतबाट जग्गा किन्नेको संख्या २० जना २०.२० प्रतिशत, घर बनाउनेको संख्या ३२ जना ३२.३२ प्रतिशत र बैंकमा मात्र बचत गर्ने ३७ जना ३७.३७ प्रतिशत सफल भएका छन् भने व्यापार गर्नेमा १० जना १०.१० प्रतिशत रहेको छ । जसअन्तर्गत बैंकमा बचत गर्नेको संख्या सबैभन्दा बढी र व्यापार गर्नेको संख्या सबैभन्दा कम रहेको छ ।

## ६.११ वैदेशिक रोजगारले परिवर्तन ल्याएका क्षेत्रहरू

विभिन्न कारणवश वैदेशिक रोजगारमा संलग्न भएपछि विभिन्न क्षेत्रमा परिवर्तन ल्याएको पाइन्छ । कतिपय आर्थिक क्षेत्रमा सुधार ल्याएको देखिन्छ भने कतिपयलाई शैक्षिक र स्वास्थ्यको क्षेत्रमा राम्रो प्रभाव पारेको छ । जिविकोपार्जन गर्न पनि समस्या परिरहेका कतिपय अवस्थामा वेदेशिक रोजगारमा संलग्न घरपरिवारको आधारभूत आवश्यकता परिपूर्ति हुन गई गरिबी न्यूनिकरणमा सहयोग पुगेको कुरा अध्ययनले देखाएको छ। जसलाई तलको तालिकाबाट प्रष्ट्याइएको छ।

**तालिका ६.११: वैदेशिक रोजगारले परिवर्तन ल्याएका क्षेत्रहरू**

| क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | ७२ | ६८.५७ |
| शैक्षिक | १८ | १७.१ |
| स्वास्थ्य | १५ | १४.२८ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारले विशेष गरेर आर्थिक र शैक्षिक क्षेत्रमा परिवर्तन ल्याएको पाइन्छ। त्यस्तै गरेर स्वास्थ्य र अन्य विविध क्षेत्रमा पनि केही रूपमा प्रभाव पारेको देखिन्छ । आर्थिक क्षेत्रमा ७२ जना ६८.५७ प्रतिशत र शैक्षिक क्षेत्रमा १८ जना १७.१ प्रतिशतमा र स्वास्थ्यमा क्षेत्रमा १५ जना १४.२८ प्रतिशत भएको अध्ययनले देखाएको छ। वैदेशिक रोजगारले सबैभन्दा बढी आर्थिक क्षेत्रमा र सबैभन्दा कम स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याएको देखाइएको छ।

## ६.१२ घरायसी कार्यमा वैदेशिक रोजगारको आम्दानी खर्च हुने क्षेत्र

वैदेशिक रोजगारमा जाने घरपरिवारको खर्च विशेष गरेर आधारभूत आवश्यकता परिपूर्ति गर्नमा नै रहेको हुन्छ। त्योभन्दा बाहिर वैदेशिक रोजगारको आम्दानी हेरेर खर्च गरिएको पाइन्छ । जसअन्तर्गत यस अध्ययन क्षेत्रमा पनि घरपरिवारको शिक्षा स्वास्थ्य, विवाह, व्रतवन्धमा पनि खर्च गरिने गरेको पाइयो । यसको अलावा आवश्यक भौतिक सामग्री

जुटाउन र आरामदायी तरिकाले रहनको लागि वैदेशिक रोजगारबाट भएको आम्दानी खर्च गरिएको पाइयो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१२: घरपरिवारमा वैदेशिक रोजगारको आम्दानी  खर्च**

| आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा र स्वास्थ्य | २८ | २६.७ |
| खाना | ४९ | ४६.७ |
| भौतिक सामग्री | २० | १९.० |
| विविध | ८ | ७.६ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाअनुसार वैदेशिक रोजगारको आम्दानी आफ्नो घरपरिवारमा विभिन्न प्रयोजनको लागि खर्च गरेको पाइन्छ । शिक्षा र स्वास्थ्यमा २८ जना २६.७ प्रतिशत, खाना र बचतमा ४९ जना ४६.७ प्रतिशत भौतिक सामग्रीमा २० जना १९ प्रतिशत र विविध क्षेत्रमा ८ जना ७.६ प्रतिशत आम्दानी खर्च गरेको अध्ययनले देखाएको छ । जसमा सबैभन्दा बढी खानामा आम्दानी खर्च भएको र सबैभन्दा कम विविध क्षेत्रमा आम्दानी खर्च भएको देखिन्छ ।

## ६.१३ वैदेशिक रोजगारबाट सिकेको सिपले परिवारमा पारेको प्रभाव

एक ठाउँबाट अर्को ठाउँमा जाँदा व्यक्तिले केही न केही नयाँ ज्ञान सिपका कुराहरू सिकेका हुन्छन् । जसअन्तर्गत स्वदेशबाट विदेशमा जाँदा पनि त्यहाँका नयाँ प्रविधि र सिपहरूलाई कामको माध्यमबाट गरेर वा देखेर आफ्नो ठाउँमा आएर त्यस्तै खालको कार्यहरूको सिको गरी आफ्ना घरपरिवारलाई पनि सोही अनुसार कार्यहरू गर्न प्रोत्साहित गर्दछन् जसले घरपरिवारमा प्रभाव पारेको देखिन्छ भने कतिपय घरपरिवारमा प्रभाव पारेको देखिदैंन जुन तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ६.१३ : वैदेशिक रोजगारबाट सिकेको सिपले परिवारमा पारेको प्रभाव**

| प्रभाव | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परेको छ | ५६ | ५३.३३ |
| परेको छैन | ४९ | ४६.६६ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार वैदेशिक रोजगारबाट सिकेको सिपले घरपरिवारमा प्रभाव परेको छ भन्ने सङ्ख्या ५६ जना ५३.३३ प्रतिशत र परेको छैन भन्नेको संख्या ४९ जना ४६.६६ प्रतिशत रहेको छ जसअन्तर्गत परेको छ भन्नेको संख्या सबैभन्दा धेरै रहेको छ।

## ६.१४ वैदेशिक रोजगारको आम्दानीले घरपरिवारको जीवनशैलीमा ल्याएको सुधार

वैदेशिक रोजगारमा गइसकेपछि प्राप्त भएको आम्दानीले घरपरिवारको जीवनशैलीमा धेरै क्षेत्रमा सुधार ल्याएको छ । घरपरिवारको दैनिक आवश्यकता परिपूर्ति गर्नमा सजिलो बनाएको छ । शैक्षिक, स्वास्थ्य आधारभूत आवश्यकता विशेष गरेर आर्थिक क्षेत्रमा सुधार आएको पाइन्छ । जीवनशैलीमा आरामदायी र सहजता छाएको छ जसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ६.१४: वैदेशिक रोजगारको आम्दानीले घरपरिवारको जीवनशैलीमा ल्याएको सुधार**

| सुधार क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खाना + शिक्षा | ४० | ३८.०४ |
| खाना + शिक्षा + भौतिक सामग्री | २० | १९.०६ |
| खाना + शिक्षा + स्वास्थ्य | ४५ | ४२.०९ |
| जम्मा | १०५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ६.१४ अनुसार जीवनशैलीमा सुधार ल्याएको छ । जसअन्तर्गत खाना+शिक्षामा ४० जना ३८.०४ प्रतिशत, खाना + शिक्षा + भौतिक सामग्रीमा २० जना १९.०६ प्रतिशत र खाना + शिक्षा + स्वास्थ्यमा ४५ जना ४२ प्रतिशत रहेको छ । सबैभन्दा धेरै सुधार भएको क्षेत्र खाना+शिक्षा+स्वास्थ्य र सबैभन्दा कम सुधार भएको क्षेत्र खाना+शिक्षा+भौतिक सामग्री रहेको छ।

# अध्याय सात

# अध्ययनको सारांश, निष्कर्ष र सुझाव

## ७.१ अध्ययनको सारांश

वैदेशिक रोजगार आर्थिक संकलन गर्ने र गरिबी न्यूनिकरण गर्ने बलियो माध्यम बनेको छ । वैदेशिक रोजगार विशेष गरेर स्वदेशमा अवसर प्राप्त गर्न नसकेको अवस्थामा वा गरिएको लगानी वा कामबाट राम्रो आम्दानी हुन नसक्दा र राष्ट्रको अराजक गतिविधिबाट बच्नको लागि पनि वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । नेपाली प्रवासीहरू वैदेशिक रोजगारको लागि विश्वको विभिन्न मुलुकमा छरिएर रहेका हुन्छन् ती विभिन्न देशहरू मध्ये यस अध्ययनमा खाडी मुलुकहरू (कतार, दुवई, साउदी अरब, बहरायन र कुवेत) मुख्य रहेका छन् ।

कृषि प्रधान राष्ट्र भएर पनि भौगोलिक विविधताका कारण हरेक क्षेत्र कृषि योग्य नहुँदा अन्य कार्यको अवसर नभएर रोजगारको लागि विदेश जाने प्रवृत्ति बढेको छ । व्यक्तिगत कारण र पारिवारिक देखि विविध अप्ठ्याराहरू समाधान गर्नको लागि जन्मस्थान छाडेर गन्तव्य स्थानतिर जाने प्रक्रिया बढीरहेको छ ।

यस अध्ययनमा वैदेशिक रोजगारको बारेमा कास्की जिल्लाको पोखरा -२७ हेम्जालाई केन्द्रित गरिएको छ । यहाँको भूमि कृषि योग्य भएर पनि वैदेशिक रोजगारमा आकर्षिक भएका कारण र यो भन्दा अघि यस क्षेत्रमा वैदेशिक रोजगारका विषयमा अध्ययन नगरेको हुँदा यो शिर्षक छनौट गरिएको छ । अन्वेषणात्मक अनुसन्धान र वर्णनात्मक अनुसन्धान ढाँचामा रहेर अनुसन्धान गरिएको छ । तथ्यांकको प्रकृति संख्यात्मक र गुणात्मक दुवै छ भने प्राथमिक र द्वितीय स्रोत प्रयोग गरेर अनुसन्धान गरिएको छ । प्राथमिक अन्तर्गत स्थलगत अध्ययन, अन्तर्वार्ता अवलोकन पर्दछन् भने सम्बन्धित लेख, रचना, सोधपत्र, पुस्तक गुगल सर्च द्वितीय स्रो अन्तर्गत पर्दछ ।

उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरेर अरवियन राष्ट्रमा वैदेशिक रोजगारको लागि गएका कुल २०९ घरधुरीमा १०५ जनालाई नमुना छनौटको रूपमा समेटिएको छ । जसमा घर परिवारका जानकार व्यक्तिहरूलाई उत्तरदाताको रूपमा समावेश गरिएको छ । वैदेशिक रोजगारमा संलग्न घरपरिवारको सदस्यलाई वैयक्तिक अध्ययनको रूपमा प्रभाव हेरेर समावेश गरिएको छ ।

सैद्धान्तिक पुनरावलोकन अन्तर्गत आर्थिक सिद्धान्त, आर्थिक आत्मनिर्भरता सम्बन्धी अवधारणा, गरिबी न्यूनिकरण सम्बन्धी अवधारणा, आधारभूत आवश्यकता सम्बन्धी अवधारणा विश्वव्यापीकरण अवधारणा, श्रमबजार सिद्धान्त, सामाजिक सञ्जाल सिद्धान्त र पूर्व अध्ययनको समिक्षा रहेको छ । वैदेशिक रोजगारले ल्याएको प्रभाव, जिवनस्तरमा पारेको सामाजिक प्रभाव, वैदेशिक रोजगारमा संलग्न घरपरिवारको वैदेशिक रोजगारप्रतिको धारणा, वैदेशिक रोजगारले शैक्षिक, स्वास्थ्य र सामाजिक क्षेत्रमा ल्याएका सुधार, गरिबी न्यूनिकरणमा खेलेको भूमिकाका बारेमा अध्ययन गरिएको छ । वैदेशिक रोजगारमा विदेशिएका कतिपयले आफ्नो आम्दानीको केही रकम बचत गर्दै त्यहाँ सिकेको सिपबाट नेपालमा आएर नयाँ प्रविधिबाट बचत रकमलाई लगानी गरेर मुनाफा कमाउन सफल भई त्यहाँ पेशालाई निरन्तरता दिई जिविकोपार्जन गरिरहेको पनि अध्ययनले देखाएको छ ।

वैदेशिक रोजगारमा संलग्न भएपछि सरकारी विद्यालयमा पढिरहेका आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाउन सक्षम भएका छन् । सरकारीको तुलनामा निजी विद्यालयलाई गुणस्तरीय शिक्षाको माध्यम ठानेका छन् । घर परिवारमा शिक्षाको महत्व बुझेर पढ्ने कुरामा प्रोत्साहित गर्न सफल भएका छन् । यो अध्ययनमा गरिबी र बेरोजगारीको दलदलमा फसेका नेपालीहरू रोजगारको अवसरको लागि खाडी मुलुकमा भए पनि जानेको गरेको देखाइएको छ । जसमा वैदेशिक रोजगारको सहयोगले नेपालीहरूको जीवन स्तरमा सुधार आएको देखिन्छ । समग्रमा यस अध्ययनका मुख्य प्राप्तिहरू निम्न रहेका छन् ।

## ७.२ मुख्य प्राप्तिहरू

- वैदेशिक रोजगारीको लागि साउदी अरब जाने ३६.२१ प्रतिशत, कतार जाने ३०.४७ प्रतिशत रहेको छ भने दुवई जाने २३.८० प्रतिशत रहेको छ । त्यस्तै गरेर बहराइन र कुवेत जाने ४.७६ प्रतिशत सबभन्दा कम रहेको छ । वैदेशिक रोजगारमा प्रेरक तत्व आफै भन्ने सबभन्दा बढी रहेको छ भने परिवार र नातेदार भन्ने सबभन्दा कम रहेको छ । आफै भन्नेमा ६० प्रतिशत परिवार नातेदारमा क्रमश ५.७ र ४.८ प्रतिशत रहेको छ ।
- वैदेशिक रोजगारमा संलग्न भएपछि दैनिक आधारभूत आवश्यकता खर्च गर्न, स्वास्थ्य र शैक्षिक क्षेत्रमा खर्च गर्न सजिलै पुगेको कुरा अध्ययनले देखाएको छ । जसअन्तर्गत २६.७ प्रतिशत शिक्षा र स्वास्थ्य, ४६.७ प्रतिशत खाना र कपडा त्यस्तै गरेर भौतिक सामग्रीमा १९ प्रतिशत सजिलै खर्च गर्न सक्ने स्थितिमा पुगेका छन् ।
- वैदेशिक रोजगारमा जाँदा बैंकबाट ऋण लिएर जाने ६२.९ प्रतिशत, व्यक्तिबाट ऋण लिएर जाने १२.०४ प्रतिशत र आफ्नै बचतबाट जानेको २४.०८ प्रतिशत रहेको छ, जसमा बैंकबाट ऋण लिएर जानेको संख्या सबभन्दा बढी र व्यक्तिबाट ऋण लिएर जानेको संख्या सबैभन्दा कम रहेको अध्ययनले देखाइएको छ ।
- वैदेशिक रोजगारमा जानु अघि छोराछोरी सरकारी विद्यालयमा पढ्ने ६७.६ प्रतिशत, निजी विद्यालयमा २५.७ प्रतिशत रहेको छ र विद्यालय नजाने ६.७ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएपछि छोराछोरी सरकारी विद्यालयमा पढ्ने ७.६ प्रतिशत, निजी विद्यालयमा पढ्ने ८५.७ प्रतिशत र विद्यालय नजाने ६.७ प्रतिशत रहेको छ ।
- वैदेशिक रोजगार जानुपूर्व आयमूलक कार्यमा असंलग्नताको तुलनामा संलग्नता भएका व्यक्तिको सङ्ख्या बढी रहेको पाइयो, जसमा संलग्नता रहने व्यक्ति ५२.४ प्रतिशत र असंलग्नता रहने व्यक्ति ४७.६ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारमा जाने व्यक्ति मध्ये ५५ जना विदेशजानुपूर्व आयमूलक कार्यमा संलग्न थिए भने ५० जना व्यक्तिहरू असंलग्न थिए, जसमा संलग्न व्यक्तिहरूको पेशाअनुसार क्रमशः कृषिमा ३४.५ प्रतिशत, व्यवसायमा २७.३ प्रतिशत र जागिरमा ३८.२ प्रति रहेको पाइन्छ ।

- पेसामा आवद्धताका बावजुद वैदेशिक रोजगारमा जानुका कारण थोरै तलब पाएर विदेशिने ३८.२ प्रतिशत, लगानीमा कम मुनाफा भएर विदेशिने २७.२ प्रतिशत त्यस्तै गरेर कृषि पेशामा घाटा सहनुका कारण विदेशिने ३४.५ प्रतिशत रहेको छ ।
- वैदेशिक रोजगारको कमाइबाट हुने बचत प्रतिशतअन्तर्गत २५ प्रतिशत बचत गर्ने २९.३ प्रतिशत, २५ देखि ५० प्रतिशत बचत गर्ने ४३.४ प्रतिशत र ५० देखि ७५ प्रतिशत सम्म बचत गर्ने २७.३ प्रतिशत रहेको छ ।
- वैदेशिक रोजगारबाट आएको आम्दानीलाई लगानी गरेको क्षेत्रअन्तर्गत जग्गा किन्ने २०.२० प्रतिशत, घर बनाउने ३२.३२ प्रतिशत र बैंकमा मात्र बचत गर्ने ३७.३७ प्रतिशत छन् भने व्यापार गर्नेमा १०.१० प्रतिशत रहेको छ ।
- वैदेशिक रोजगारले विशेष गरेर आर्थिक र शैक्षिक क्षेत्रमा परिवर्तन ल्याएको पाइन्छ । त्यस्तै गरेर स्वास्थ्य र अन्य विविध क्षेत्रमा पनि केही रूपमा प्रभाव पारेको देखिन्छ । आर्थिकमा ६८.५७ प्रतिशत र शैक्षिकमा १७.१ प्रतिशत र स्वास्थ्यमा १४.२८ प्रतिशत भएको छ ।
- वैदेशिक रोजगारको आम्दानी आफ्नो घरपरिवारमा विभिन्न प्रयोजनको लागि खर्च गरेको पाइन्छ । शिक्षा र स्वास्थ्यमा २६.७ प्रतिशत, खाना र बचतमा ४६.७ प्रतिशत भौतिक सामग्रीमा १९ प्रतिशत र विविध क्षेत्रमा ७.६ प्रतिशत आम्दानी खर्च गरेको देखाएको छ ।

## ७.३ निष्कर्ष

नेपाल एक कृषि प्रधान देश हो । यहाँका धेरैजसो मानिसहरू कृषिमा नै निर्भर रहेका हुन्छन् तर कृषिले मात्र जीवनयापन गर्न नसक्ने र प्रयाप्त मात्रामा उद्योगधन्दाको कमीले गर्दा पनि मानिसहरूमा बेरोजगारीको समस्या निम्त्याएको हुन्छ जसले गर्दा उनीहरूले विकल्पको रूपमा वैदेशिक रोजगारलाई अपनाउन बाध्य भएका हुन्छन् । यसअन्तर्गत हेम्जा कृषि योग्य भूमि भइकन पनि वैदेशिक रोजगारमा आकर्षित हुनुपरेको छ । यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारी आम्दानीको स्रोत मध्य एक महत्वपूर्ण स्रोत बनेको छ ।

यस क्षेत्रमा गरिबी र बेरोजगारीले पिल्सिएका वर्गलाई वैदेशिक रोजगार जीवन जिउने आधार बनेको छ भने अर्कोतिर अधिकांश घरपरिवारलाई वैदेशिक रोजगारले आधुनिक,

भौतिक सुविधायुक्त जीवन जिउन सक्ने अवस्थामा पुऱ्याएको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको घरपरिवारमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा प्राप्त गर्नमा समेत पहुँच पुगेको पाइन्छ । अधिकांश परिवारमा वैदेशिक रोजगारबाट आर्जन गरेको रकमले चल/अचल सम्पत्ति जोड्ने जस्ता सुधारका कार्यहरू भएको पाइयो त्यस्ता घरपरिवारहरू निकै खुशी र सन्तुष्ट देखिए भने केही घरपरिवार वैदेशिक रोजगारमा गएर पनि तोकिएको जस्तो काम  र तलब नपाउँदा आफ्नो घरपरिवारको कुनै पनि क्षेत्रमा उन्नती प्रगति नभएको हुँदा वैदेशिक रोजगार प्रति असन्तुष्ट भएको पाइयो । साथै केही परिवारमा पारिवारिक अवस्था विग्रेर परिवार नै तहसनहस भएको पनि पाइयो । त्यस्ता घरपरिवारहरूमा वैदेशिक रोजगारप्रति नकारात्मक धारणा रहेको पाइयो ।

अन्त्यमा यस क्षेत्रका वैदेशिक रोजगारमा संलग्न अधिकांश व्यक्तिहरूको घरपरिवारलाई वैदेशिक रोजगार ज्ञान, सिप र धन आर्जन गर्ने एक वरदान सावित भएको छ भने कम मात्रामा वैदेशिक रोजगारमा संलग्न घरपरिवारहरूलाई वैदेशिक रोजगार आफुहरूले पाएको श्राप जस्तो भएको छ ।

## ७.४ सुझाव

- आगामी शोधकर्ताहरूले वैदेशिक रोजगार सम्बन्धी शोधपत्र तयार गर्दा एउटै अध्ययन क्षेत्रलाई छनोट गरेमा शिर्षक र उद्देश्यहरू अध्ययन गरिसकेको शोधपत्रमा भन्दा फरक फरक किसिमको भएमा नयाँ शोधपत्रबाट सो सम्बन्धित विषयमा नयाँ नयाँ कुराको जानकारी हुन्छ ।
- आगामी शोधकर्ताहरूले सम्बन्धित विषयको बारेमा अध्ययन गर्दा पहिला अध्ययन भइसकेको अध्ययन क्षेत्रलाई छनौट नगरी अर्कै ठाउँलाई अध्ययन क्षेत्र छनौट गरेमा नयाँ ठाउँको बारेमा पनि वैदेशिक रोजगार सम्बन्धित कुराहरू थाहा पाउन सकिन्छ ।
- समाजशास्त्र विभागबाट पनि विद्यार्थीले वैदेशिक रोजगार सम्बन्धी अनुसन्धान भैसकेको शिर्षक र क्षेत्र छनोट गरेर शोधपत्र तयार पार्ने प्रस्ताव ल्याएमा सो सम्बन्धी अध्ययनको उद्देश्यहरू फरक राख्न लगाउनुपर्छ र अध्ययन क्षेत्र पनि एउटै विषयमा बारम्बार एउटै क्षेत्र छनौट भएमा भावी शोधकर्ताहरूलाई नयाँ क्षेत्र छनोट गर्न लगाएमा नयाँ ठाउँको वैदेशिक रोजगार सम्बन्धित कुराहरूको ज्ञान हुन जान्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, जगन्नाथ (२०६१), *नेपालमा गरिबीको स्थितिः ऐतिहासिक विवेचना,* मार्टिन चौतारी, काठमाडौं नेपाल ।

काफ्ले, सरोज (२०६०), *महिलाका लागि वैदेशिक रोजगार, चुनौती र अवसरहरू ।*

गौतम, भास्कर (२०६१), *नेपालमा गरिबीको बहसः* मार्टिन चौतारी, काठमाडौं, नेपाल ।

गौडेल, रामप्रसाद (२०६६), *वैदेशिक रोजगारको अवस्था र प्रभाव,* देउपुर गा.वि.स. पर्वत, एक समाजशास्त्रीय अध्ययन, एम.ए. शोध पत्र समाजशास्त्र तथा मानवशास्त्र अन्तर्गत मानविकी संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

Adams, R. H. (1998). *Remittances, Investment and Rural Assert Accumulation in Pakistan: Economic Development and Cultural Change*, 47: 155-73.

Adhikar, Jagan Nath an H.G. Ghole (1999). *Food crisis in Nepal: How mountain famers cope.* New Delhi: Adroit publication.

Adhikari, Ramji Prasad (2007). *Nepalese in foreignemployment:A case study of Dhikurpokhari VDC Kaski, Nepal.* A Dissertation submitted to the Department of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.

Aizawa, E. (2002). *Economic and Social Analysis of Foreign Workers Problem.*Paper Presented at Haruo Shimada Seminar 26th Keio University.

Ale, L.B. (2004). *Foreign labour migration: A case study of - Pumdi Bhumdi VDC Kaski.* A Dissertation submitted to Tribhuvan University, Prithvi Narayan campus, Department of Geographhy, Pokhara.

Arnold, L.G. (2002). On the Growth Effects of North South Trade: The Role of Labour Market Flexibility. *"Journal of International Economics*", Vol. 58 [2]: 451-466.

Birks, J.S. and Sinclair (1994). *International Migration and Development in the Arab Region*. Geneva: International Labor Office.

Bogue, D.J. (1959). *Principle of Demography*. New York: John Willey and Sons.

Boyd, M. (1989). *Family and Personal Network.* International Migration Review. Vol 23 (3). 638-670.

Boyle, P. Halfacree, K. and Robinson, V. (1998). *Exploring Contemporary Migration*. Harlow Essex. Logman.

Carl, K.E. & Byrlee (1970). *Rural employment migration and economic development: Theoretical issue and empirical evidence from Acrica".*

Castles, S (2006). *Guest Workers in Europe: A Resurrection? International Migration Review*, 40 (4), 741-766.

Cavicdes, A (2005). *The Social Partners and the Chaning Face of German and British Labour Migration Policy: Paper Presented at the American Political Science Association Meetings*, Washington.

CEDA (1977). *Migration in Nepal: A study of far western development*. Kathmandu.

Collinson, Sarah (1994). *Europe and Interntional Migration*. Royal Institute of International Affirs, London.

Dixit, K.M. (1997). *Lewely labour in the low land*. Himal South Asia. Vol. 10 (1) 10-15.

Everetl, S. Lee. (1966). A Theory of Migration in Demography. *J.A Jackson (Ed),Cambridge University, 3*: 47-57.

Freeman, R.B. (2006). *In a Great Labour Shortage Coming? Replacement Demand in the Global Ecoomy, Working Paper 12541*. Cambridge: National Bureau of Economic Research.

Giddens, A. (1990). *The Consequences of Modernity.* Cambridge: Polity Press.

Golder, S. and Straubhaar, T. (2002). *Migration Policy and the Economy: The case of Switzerland in R. Rotte & P. Stein (Eds) Migration policy and the economy: Studies and Comments 1*. Munich: Hanns Seidel Stifung.

Gosh, B (1998). *Huddled Masses and Uncertain Shores Insights into Irregular migration: International Oreganization for Migration*. Martinus Nijhoff Publishers: The Hagul, Boston, London.

Harris J.R. and M.P Todaro (1970). *Migration, Unemployment and Development*: *A Theoretical Analysis American Economic Review*.

Kane, H. (1995). *The Hour of Departure: Forces that Create Refugees and Migrants.* Washington: World Watch Institute.

Kanshakar, B.S. (1982). *Emigration, Remittance and Rural Development*. *CEDA,* T.U. Kathmandu.

Kattel, Anjita (2006). *Socio-economic impact of labour migration on the family: A case study of Bhalam VDC. in Kaski District.* A Dissertation submitted to the Department of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.

Lawis, W.A. (1954). *Economic Development with Unlimited Supplies of Labour.* Manchester School of Economic and Social Studies.

Lewellen, T.C. (2002). *The anthropology of globalization: Cultural anthropology enters the 21st century*. Lond: Berlin and Garvey.

Massey, D.S. et al (1993). *Theory of international migration. A Review and Appraisal.*

Mohapatra, S. (2011). *Impact of Migration on Economic and Social Development: A Review of Evidence and Energing Issues, Policy Research Working Paper no. wps 5550.* Washington D.C.

NIDS (2003). Nepal institute of development studies.

NPC (2002). *Poverty reduction strategy paper Kathmandu*: Nepal Planning Commision (NPC).

Perry, Lindy L. (1997). *Nepal around the world; Emphasizing Nepali Christains of the Himalayas.* Kathmandu, R.C. Timothy.

Peter Stalker (1997). *The Work of Strangers: A Survey of International Labour Migration.* International Labour Office, Genera.

Poudel, C. (2013). *Causes and Problems of Foreign Labor Migrants of Thaprek*. Tanahun Master of Arts in Population, Unpublished Thesis, T.U. Pokhara.

Sakamoto A. and M.D. Chen (1991). *Inequality and Attainment in a dual labor Market*. American Sociological Review 56 [3]: 295-308.

Segal, A. (1993). *Global Mobility of Labor: An Atlas of International Migration*. London: Aaon Seagal Hansxell Publications.

Shahi, S.J. Satis Jung and Tiku Gauchan (2004). *A House for Mr. Pathak Nation.* 1(4): 17.

Sjaastad, L.A. (1962). The Costs and Returns of Human Migration. "Journal of Political Economy, 70: 80-93.

SLP (2000). Hill Dalits: quantified impressions: comparative socio-ecology-econology economic survey of the Dalits of southern Achham Kathmandu: sustainable livelihood programme (SLP), center for agro ecology and development (CAED).

Spitze (1984). *The Effect of Family Migration on Wives Employment: How long does it last?* Social Science Quarterly 65: 21-36.

Spitze (1984). *The effect of family migration on wives employment*, Social Science Quarterly.

Stark, O. Failor (1989). *Th Migration of Labour. Carnewell Publication, Padstow.*

Subedi, B.P. (1997). Migration and Occupational Change in Nepal: Preliminary Findings Nepal. *Population Journal*, 5 (6), 45-68.

Subedi, B.P. (2003). *International Labour Migration from Nepal, Emerging Patterns and Trends.* In Isikawa. Youshitaka (Ed), Comprehensive change migration in Asia and Racific Region, Kyoto, Department of Geography: Kyoto University.

Todaro, M.P. (1969). A Model of Labor Migration and Urban Employment in Less Developed Countries. *American Economics Review*, *89*: 138-148.

# अनसूची १

# अर्न्तवार्ता

## तथ्याङ्क संकलनमा प्रयोग भएको अर्न्तवार्ता अनुसूची

## वैदेशिक रोजगारले घरपरिवारको जीवनयापनमा पारेको प्रभाव

**सुनिता कुँवर**

**समाजशास्त्री विभाग**

**पृथ्वीनारायण क्याम्पस पोखरा**

१) साधारण जानकारी

नाम : ................................................................................

ठेगानाः ...............................................................................

जातः ................................................................................

उमेरः ..................................पेशाः.....................

धर्म ........................... परिवारको किसिमः .......................

परिवार सङ्ख्याः ..........................

२) तपाईको परिवारबाट वैदेशिक रोजगारको लागि कुन देशमा जानुभएको छ ?

...............................................................................................

३) तपाईको परिवारबाट वैदेशिक रोजगारको लागि कति जना सदस्य विदेश जानुभएको छ?

...............................................................................................

४) तपाईको घरबाट वैदेशिक रोजगारको लागि को जानु भएको छ ?

...............................................................................................

५) उहाँ विदेश गएको कति अवधि भयो ?

...............................................................................................

६) विदेश जाँदा कुन निकायबाट जानुभएको हो ?

क) सरकारी निकाय ख) वैदेशिक श्रम संस्था ग) अन्य

७) उहाँले विदेशमा के काम गर्नुहुन्छ ? तपाईलाई केही जानकारी छ की ?

क) छ ख) छैन

८)	यदि जानकारी छ भने के काम गर्नुहुन्छ ?

..................................................................................................

९)	उहाँ वैदेशिक रोजगारमा गएको पहिलो पटक हो कि जाने आउने गर्नुभएको छ ?

क) पहिलो पटक हो	ख) जाने आउने गर्नुभएको छ

१०)	यदि जाने आउने गर्नुभएको छ भने उहाँले विदेशबाट सिकेर आएको सिपले तपाईको परिवारमा कुनै प्रभाव परेको छ कि छैन ?

क) प्रभाव परेको छ ।	ख) प्रभाव परेको छैन

११)	यदि छ भने के मा प्रभाव पारेको छ ?

........................................................................................................

१२)	विदेश जाँदा केहि तालिम वा सिप सिकेर जानु भएको हो ?

क) हो	ख) होईन

१३)	विदेश जानको लागि उहाँलाई कसले अभिप्रेरित गऱ्यो ?

क) स्वेच्छा	ख) घरपरिवार	ग) साथी	घ) नातेदार

१४)	वैदेशिक रोजगारमा जानुको कारण के थियो ?

क) बेरोजगारी	ख) गरिबी	ग) अन्य

१५)	विदेश जानु अघि उहाँले केही आय मुलुक काम गर्नुहुन्थ्यो कि हुन्थेन ?

क) गर्नुहुन्थ्यो	ख) गर्नु हुन्थेन

१६.	यदि गर्नुहुन्थ्यो भने के गर्नुहुन्थ्यो ?

क) कृषि	ख) व्यापार, व्यसाय	ग) जागिर	घ) अन्य

१७.	कार्य व्यस्तताको कारण पनि विदेश जानुको कारण के हो ?

क) व्यापार व्यवसायमा घाट	ख) कृषिमा मुनाफा नहुनु

ग) जागिरमा तलब कम हुनु	घ) अन्य

१८.	वैदेशिक रोजगारमा जाँदा कति लगानी लाग्यो ?

.................................................................................................

१९.	उक्त रकम कसरी जुटाउनु भयो ?

क) बैंकबाट ऋण लिएर	ख) व्यक्तिबाट ऋण लिएर	ग) आफ्नै बचत रकमबाट

२०)	तपाईको परिवारमा वैदेशिक रोजगारीबाट मासिक आम्दानी कति हुन्छ ?

क) ३००००-४००००	ख) ४००००- ५००००

ग) ५००००-६००००　　　घ) ६०००० भन्दा माथि

२१) विदेशबाट रकम पठाउँदा कुन माध्यमबाट पठाउनुहुन्छ ?

क) साथीभाईमार्फत　　　ख) वित्तिय संस्था　　　ग) दुवैमार्फत

……………………………………………………………………………………

२२) विदेशबाट रकमबाट पठाउँदा कति महिनाको अन्तरमा पठाउनुहुन्छ ?

क) १ महिना　　　ख) २ महिना　　　ग) २ महिना भन्दा बढी

२३) उक्त रकमबाट बचत हुन्छ कि हुँदैन ?

क) हुन्छ　　　ख) हुँदैन

२४) यदि हुन्छ भने कति प्रतिशत बचत हुन्छ ?

क) ०% - २५%　　　ख) २५%-५०%

ग) ५०%-७५%　　　घ) ७५% भन्दा बढी

२५) उक्त बचत रकम के मा लगानी गर्नुभएको छ ?

क) जग्गा किन्न　　　ख) घर निर्माण

ग) बैंकमा बचत गर्न　　　घ) व्यापार गर्न

२६) वैदेशिक आम्दानीले कुन-कुन क्षेत्रमा परिवर्तन ल्याएको छ ?

क) सामाजिक　　　ख) आर्थिक　　　ग) शैक्षिक　　　घ) अन्य

२७) विदेशबाट आएको रकम तपाईको परिवारमा सबभन्दा बढी कुन प्रयोजनको लागि खर्च हुन्छ ?

क) शिक्षा, स्वास्थ　　　ख) खाद्यान्न, कपडा

ग) भौतिक उपभोग्य सामान　　　घ) अन्य

२८) वैदेशिक रोजगारमा जानु अघि तपाईको घरका बालबच्चाहरू कहाँ पढाउनु हुन्थ्यो ?

क) सरकारी विद्यालय　　　ख) निजी विद्यालय　　　ग) पढ्दैन

२९) वैदेशिक रोजगारमा संलग्न भईसकेपछि कहाँ पढाउनु भएको छ ?

क) सरकारी विद्यालय　　　ख) निजी विद्यालय　　　ग) पढ्दैन

३०) तपाईले परिवारमा वैदेशिक आम्दानी बाहेक अन्य कुनै आम्दानीको स्रोत छ कि छैन ?

क) छ　　　ख) छैन

३१)  यदि छ भने के छ ?

क) कृषि  ख) व्यापार व्यवसाय  ग) जागिर  घ) अन्य

३२)  तपाईको परिवारको सदस्य विदेश जानु अघि ऋण लिनु भएको थियो कि थिएन ?

क) थियो  ख) थिएन

३३)  यदि थियो भने अब तिर्न बाँकी छ कि छैन?

क) तिर्न बाँकी छ  ख) तिर्न बाँकी छैन

३४)  वैदेशिक आम्दानीपछि तपाईको परिवारको जीवनस्तरमा सुधार आएको छ कि छैन ?

क) छ  ख) छैन

३५)  यदि सुधार भएको छ भने कुन-कुन सुधार भएको छ ?

.....................................................................................

३६)  तपाईको परिवारको सदस्य वैदेशिक रोजगारीमा संलग्न हुँदा तपाई सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ?

क) सन्तुष्ट छु  ख) सन्तुष्ट छैन

३७)  यदि सन्तुष्ट हुनहुन्छ भने किन ?

.............................................................................................

३८)  वैदेशिक रोजगार प्रति तपाईको धारणा के छ ?

.............................................................................................

३९)  तपाईको परिवारबाट विदेशमा रहनु भएको व्यक्तिले वैदेशिक कार्यलाई निरन्तरता देओस् भन्ने चाहुनहुन्छ कि नेपालमै केही गरोस् भन्ने चाहुनहुन्छ ?

क) वैदेशिक कार्यलाई नै निरन्तरता देओस् भन्ने चाहन्छु ।

ख) नेपालमै केही काम गरोस् भन्ने चाहन्छु ।

४०)  वैदेशिक रोजगारप्रति तपाईको सुझाव केही छ भने भन्नुहोस् ।

..............................................................................................

४१)  वैदेशिक रोजगारप्रति मैले सोध्न  छुटेका र तपाईलाई भन्न मन लागेका केही कुरा छन् भने भन्नुहोस् ।

..............................................................................

***उत्तरदाताको रुपमा सहयोग गर्नुभएकोमा धैरै धैरै धन्यवाद***

# अनुसूची २

## अन्तवार्ताका क्रममा लिइएका तस्विरहरू



शोधकर्ता उत्तरदातासँग अर्न्तवार्ता लिँदै





शोधकर्ता उत्तरदातासँग अर्न्तवार्ता लिँदै





**शोधकर्ता उत्तरदातासँग अर्न्तवार्ता लिँदै**

